धर्मकीर्ति

THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

फोटो- अरूणसिद्धी तुलाधर

स्वयम्भूस्थित ऐतिहासिक [illegible] कार्य सम्पन्न भएको दृश्य

DHARMAKIRTI

गुंपुन्ही

वर्ष-२५; अङ्क-५

बिक्रम सम्वत् २०६४

धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन।

■ विषय-सूचि ■

क्रसं	विषय	लेखक	पेज नम्बर
१.	बुद्ध-वचन	–	१
२.	सम्पादकीय– बुद्ध वचन स्मरण गरी	–	२
३.	धर्मचक्र-प्रवर्तन सूत्र-२	– सत्यनारायण गोयन्का	३
४.	धम्मपद-२०२	– रीना तुलाधर	५
५.	क्षमा दिनु नै ठूलो धर्म हो।	– गोपाल कृष्ण मानन्धर	५
६.	मूर्खहरूको संगत नगर्नु पण्डितको संगत गर्नु	– श्रामणेर उत्तरी	६
७.	धर्मकीर्ति पत्रिकायात	– समीरकुमारी शाक्य	६
८.	व्यवहारिक जीवनमा बौद्ध शिक्षाको महत्व	– सरिता श्रेष्ठ	७
९.	मृत्युम सरणम् गच्छामी।	– भिक्षु उत्तम	९
१०.	अनन्त गुण पूर्णाहः धम्मवती गुरुमां	– प्रेमलक्ष्मी तुलाधर	११
११.	बौद्ध अभ्यास विधि – भाग [illegible]	– डा. [illegible]	१२
१२.	धर्मकीर्ति पत्रिकाको विशेष सूचना	–	१२
१३.	अनेपा बाल आश्रम (मेत्ता सेन्टर) लाई सहयोग	–	१२
१४.	मिलिन्द-प्रश्न – ३	– अनुवादकः आनन्द प्रसाद	१३
१५.	त्रिरत्न शरण	– शिशिर चित्रकार	१४
१६.	धर्मकीर्ति विहार-गतिविधि	–	१५
१७.	धर्म प्रचार-समाचार	–	२०

- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ब्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

Downloaded from http://www.dhamma.digital

[illegible]

सह सम्पादक

ध्रुवराज स्थापित

[illegible]

भिक्षुणी वीर्यवती

फोन: [illegible]

प्रधान सम्पादक

भिक्षु अश्वघोष महास्थविर

फोन: [illegible]

[illegible]

भिक्षुणी धम्मवती

[illegible]

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः, नघः टोल

[illegible]

पोष्ट बक्स नं. [illegible]

काठमाडौं

फोन: [illegible]

बुद्ध संवत् [illegible]

विशेष सदस्य	रु. १०००/-	वा सो भन्दा बढी
वार्षिक	रु.	७५/-
यस अङ्कको	रु.	७/-

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

SEPTEMBER 2007

[illegible]

▶ मूर्खहरूले पाप कार्य गर्ने समयमा आफूले गरेको पापकर्मले पछि आफैंलाई दुःख रूपी फल भोगाउनेछ भनी थाहा पाउँदैनन् । तर जब आफ्नो पापकर्मले फल भोगाउन थाल्दछ, तब त्यस समयमा आगोले पोले जस्तै छटपटाउँदै दुःख भोग्नु पर्ने हुन्छ ।

▶ अरुले कडा वचन बोलेपनि आफूले कसैलाई पनि कडा वचन नबोल्नु, परस्पर शत्रुभाव गर्दै दुर्वचन बोल्ने व्यक्तिले दण्डभोग गर्दै दुःख भोग्नुपर्ने हुन्छ ।

▶ निर्वस्त्र रही जटा धारण गर्दैमा, हिलोमा बस्दैमा, निराहार रहँदैमा (खाना नखाई भोकै बस्दैमा), भुईंमा सुत्दैमा, शरीरमा धुलोले घस्दैमा र टुक्रुक्क परेर मात्र बस्दैमा आफ्नो अज्ञानी मनमा उत्पत्ति भइरहने इच्छाहरू निरोध हुने होइनन् । त्यसैले यस्ता व्यक्तिहरू यी कार्यहरूले शुद्ध व्यक्ति बन्न सक्दैनन् ।

बुद्ध वचन स्मरण गरौं

आजको अशान्तपूर्ण वातावरणमा बुद्ध सन्देश एवं बुद्ध वचन स्मरण गरी यसबाट ज्ञान लिन अति उपयुक्त हुन्छ । बुद्ध सन्देशको मूल सार नै एक साधारण मानिसलाई असल मानिस बनाउनु हो । तर हामीले असल मानिस बन्नको लागि बुद्ध शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्न सक्नु पनि पर्दछ । यसको लागि हामीले पहिला बुद्ध वचनहरू स्मरण गरौं ।

बुद्ध भन्नुहुन्छ–

– "मानिस अप्रमादी (बेहोशि), उत्साही र सतर्क रहन सकेमा उ उन्नति तर्फ र शान्तिको पथमा पुग्न सक्नेछ ।"

– "हामी प्रमादी (बेहोशी) बनी लापरवाही बन्न पुग्यौं भने छिट्टै मृत्युपथमा र अवनति पथमा पुगिनेछ । बेहोशी मानिस बाँचेर पनि मरेतुल्य हुनेछ ।"

– "अर्काको दोष मात्र खोज्दै हिंड्नु भन्दा आफूले ठीक गरें वा बेठिक गरें भनी आफुले आफैलाई जाँचिरहन सक्नु उत्तम हुनेछ । मानिसमा कमजोरी हुन सक्छ । गलत बाटोमा हिंडिरहने व्यक्तिलाई ठीक बाटो देखाउन सक्नु पर्दछ । राम्रो सुझाव दिन सक्नु पर्दछ ।"

– "शुद्ध र अशुद्ध हुनु, सुध्रिनु र नसुध्रिनु आ-आफ्नै हातको खेल हो । कसैले कसैलाई शुद्ध पार्न सक्दैन । आफ्नो गल्ती आफैले महशूस गर्नु पर्दछ । तथागत त मार्ग प्रदर्शक मात्र हुनुहुन्छ ।"

– "मलाई गालि गऱ्यो, मलाई जित्यो" आदि भनी बार म्बार सम्झना गर्दै मन दुःखी पारिरहने बानी भएको मानिसको मन जहिले पनि अशान्त भइरहन्छ । यस्तो खराब बानीलाई हटाउन सके मात्र मनमा शान्ति हुनेछ । अन्यथा यस्तो व्यक्तिको मनमा वैरभाव शान्त हुनेछैन ।"

– "शत्रुताले शत्रुभाव शान्त हुँदैन । मैत्री र प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ । यही शान्तिको बाटो हो ।"

– "एकदिन सबै बुढो हुनेछ, रोगी हुनेछ, र मृत्यु हुनेछ भनी सम्झी राख्नु पर्छ । यसलाई सम्झन नसक्ने मानिस असल बन्न सक्दैन ।"

– "हाम्रो मनको स्वभाव नै जहाँ पनि अगुवा बन्नु हो । त्यसैले अशुद्ध र नराम्रो मनसाय लिएर आफ्नो नीजि स्वार्थ पूर्ति गर्नका लागि कसैले कुनै कुरो बोल्यो वा केही काम गऱ्यो भने त्यस व्यक्तिको पछाडि गाडाको पांग्रा पछि पछि लागेर आए झैं दुःख पनि पछि लागेर आउनेछ ।"

– "हाम्रो मनको स्वभाव जुनसुकै क्षेत्रमा पनि अगुवा बन्नु हो । त्यसैले यो मन जतातते पुगिरहेको हुन्छ । कसैले शुद्ध मन र शुद्ध नियतले केही कुरा बोल्यो वा केही काम गऱ्यो भने मानिसको पछि पछि लागेर आउने छाँया जस्तै त्यस व्यक्तिलाई सुखले पछ्याउँदै आउनेछ ।"

– "विश्वास पात्र बन्नुपर्छ । आफ्नो गल्तीलाई महशूस गर्न सक्नु पर्दछ । कर्त्तव्यपरायण बन्नु पर्दछ । अनिमात्र जीवन सुखमय बन्नेछ ।"

– "झूठो बोली बोल्ने बानी भएको व्यक्ति समाजमा विश्वास पात्र बन्न सक्दैन । अहंकारले मानिस पतनतिर लाग्नेछ । सुविनीत र अनुशासित बन्न सक्ने मानिसको जीवन उज्ज्वल बन्नेछ ।"

– "विद्वानले भनेको र पुस्तकमा उल्लेख गरिएको कुरा भन्दैमा त्यसलाई एक्कासि विश्वास गर्न हुन्न । चाहे त्यो कुरा स्वयं बुद्धले नै भन्नुभएको किन नहोस् । जुनसुकै कुरा पनि ठीक हो वा बेठीक हो भविष्यसम्म हीत र भलो हुने हो वा होइन भनी आफ्नो स्वतन्त्र बुद्धिको कसौटीमा घोटेर हेर्नु अत्यावश्यक छ । यदि त्यो कुरो भविष्यसम्म हीत र भलो हुने भए मात्र त्यसलाई स्वीकार गर्नै अन्यथा स्वीकार गर्न पर्दैन ।"

– "भिक्षुहरू ! तिमीहरूमा एकमत भए मैले बनाएको, प्रज्ञापन गरेको ससाना नियमहरूलाई त्याग्न सक्नेछौ ।"

– "घाऊ नभईकन शरीरको कुनै भागमा औषधी लगाईदैन । यसरी नै कुनै घटना नघटीकन पहिला नै नियम बनाउन हुँदैन ।"

– "पहिला ध्यान दिएर सुन्नु, अनि मनन गर्नु, अनि पछि मात्र त्यसलाई आफ्नो व्यवहारमा, आचरणमा उतार्ने गर्नु ।"

Downloaded from http://www.dhamma.digital

धर्मचक्र-प्रवर्तन सूत्र-२

■ सत्यनारायण गोयन्का

एउटा मार्गलाई भनियो– **कामेसु कामसुखल्लिकानुयोगो** अर्थात् काम– सुखको दुर्गन्धमा टाँसीरहने यो एक चरम सीमामा रहने मार्ग हो । जुन–

हीनो– हीन छ, नराम्रो छ, तल्लो छ ।

गम्मो– अर्थात् ग्रामीण छ । सुख भोगका सम्पूर्ण साम्रागीहरू हर युगमा शहरीयाहरूलाई नै प्राप्त हुन्छ । तै पनि यो मार्ग नागर होइन ग्रामीण छ, समभदारहरूको होइन, पीछडिएकाहरूको हो ।

पोथुज्जनिको– अर्थात यस्तो व्यक्तिहरूको मार्ग शुद्ध धर्मको मार्ग भन्दा भिन्न छ, त्यसैले पुथुज्जन अर्थात पृथगजन भनियो ।

अनरियो– अर्थात् अनार्यहरूको मार्ग । जुन मार्गमा अगाडि बढेर कहिल्यै पनि आर्य बन्न सक्दैन । अनार्य नै बनीरहन्छ । अर्थात मुक्तिको पहिलो खुड्किला स्रोतापन्न अवस्थासम्म पनि कहिल्यै पुग्न सक्दैन ।

अनत्थसंहितो– अनर्थ भएको मार्ग हो । यस्तो मार्गमा अगाडि बढ्ने व्यक्ति कहिले पनि आफ्नो भलो गर्न सक्दैन । अर्थ सिद्ध गर्न सक्दैन । अनर्थ नै संग्रह गर्दछ ।

यस्तै प्रकारले दोस्रो कठीन मार्गलाई भनियो– **अत्तकिलमथानुयोगो** अर्थात आत्मक्लेशको मार्ग । आफूले आफैलाई कुनै न कुनै शारीरिक कष्टगर्नमा उलभाईराख्ने मार्ग ।

यो दोस्रो चरमसीमाको मार्ग हो । जुन–

दुक्खो– अर्थात् दुखमय छ । दु:खबाट छुटकारा दिने मार्ग होइन । एक पछि अर्को नयाँ दु:ख उत्पन्न गर्ने मार्ग हो ।

अनरियो– यो पनि पहिलेको भैं यस मार्गमा हिंड्ने व्यक्ति कहिले पनि आर्य बन्न सक्दैन, सधैं अनार्य नै हुन्छ ।

अनत्थसंहितो– यो पनि अनर्थकारी मार्ग हो ।

चरमसीमाका यी दुई अनर्थकारी मार्गहरू त्यागेर तथागतले मध्यमा प्रतिपदा अपनाउनु भयो, चक्खुकरणी अर्थात भासमान सत्यलाई छेदन गरेर परमार्थ सत्य साक्षात्कार गराउने मार्ग अपनाउनु भयो । जुन मार्गले-

ञाणकरणी– प्रत्यक्ष अनुभवको आधारमा सम्यक् ज्ञान प्राप्त गराउँदछ ।

उपसमाय– क्लेशको उपसमन गर्नको लागि, त्यसको क्षय गराउँदछ ।

सम्बोधाय– स्वयं बोधि प्राप्त गराउँदछ ।

निब्बानाय– सउपादिशेष शरीरछँदा निर्वाण दर्शन गर्दै निरुपादिशेष निर्वाणको साक्षात्कार गराउँदछ । जसबाट भवचक्र पूर्णत: नष्ट हुन्छ, पुनर्भव हुँदैन ।

कस्तो छ मध्यमा प्रतिपदा ? कस्तो छ यो मध्यम मार्ग ?

यसलाई आर्य अष्टाङ्गिक अथवा आठ अंग भएको मार्ग भनिन्छ । यस मार्गमा अगाडि बढ्ने प्रत्येक व्यक्ति आर्य बन्दछ । प्रत्येक बन्दी मुक्त हुन्छ, दु:खी व्यक्ति दु:खमुक्त हुन्छ ।

यी आठ अंग हुन्–

सम्यक् दर्शन– भ्रम-भ्रान्तिबाट छुट्कारा पाएर शरीर र चित्तको यथार्थ स्वभावलाई स्वानुभवद्वारा सम्यक् रूपले, साक्षीभावले हेर्दै इन्द्रियातीत, भवातीत, लोकातीत परम सत्यको साक्षात्कार गराउँछ ।

सम्यक् संकल्प– संकल्प-विकल्प, चिन्तन-मनन शुद्ध गराउँछ । राग-द्वेष र हिंसा आदि भावबाट टाढा रहनु पर्छ, यसको लागि साधक दृढ रहनुपर्छ ।

सम्यक् वाणी– भूठो, कडा बोल्नु, निंदा गर्नु र व्यर्थको कुरा गर्नुबाट अलग रहेर सम्यक् बनाउँछ ।

सम्यक् कर्मान्त– हत्या, चोरी, मैथुन जस्ता शारीरिक दुष्कर्मबाट अलग रहन सिकाउँछ ।

लाभ सत्कार पाउनको लागि गृहस्थलाई चाप्लुसी गर्ने तथा अन्य गलत कामबाट अलग रहन सिकाउँछ । गृहस्थ अन्य प्राणिहरूलाई हानि पुऱ्याउने आजीविका बाट बच्नु पर्छ ।

सम्यक् व्यायाम– दुर्गुण निकाल्ने तथा आउन नै नदिने र सद्गुण ल्याउने, बढाउने काममा सधैं प्रयत्नशील बनाउँछ ।

सम्यक् स्मृति– नाम र रूप प्रपंचको प्रति सधैं जागरूक बनाउँछ ।

सम्यक् समाधि– यसरी सजग हुँदै साधक सम्यक् रूपले समाधिस्थ हुन सक्छ ।

यो मध्यमा प्रतिपदा सम्यक् छ, संयमित छ, संतुलित छ ।

यस मध्यम मार्गलाई आर्य अष्टाङ्गिक अथवा आठ अंग भएको मार्ग भनिन्छ । यस मार्गमा अगाडि बढ्ने प्रत्येक व्यक्ति दु:ख मुक्त हुन्छ । केवल यी मार्गहरूको चर्चा परिचर्चा मात्र गरिरह्यो, आफ्नो अनुभवले जानेन भने यो पनि सम्यक हुँदैन, अत: यसलाई पनि आफ्नो अनुभवले जान्नु पर्दछ तब मात्र मिथ्या हुन पाउँदैन । यी अतिका मार्गहरूलाई परित्याग गरेमा नै सम्यक मार्गमा अगाडि बढ्न सक्छ ।

भगवान बुद्धले अगाडि भन्नु भयो यी चार आर्यसत्य भनेको के हो ? मध्यम मार्गमा यसैले नै चल्नु पर्छ ता कि यो चार सत्य अनुभव गर्न सकुन् । यस मध्यम मार्गमा हिँड्ने व्यक्तिले नै यस चार-आर्यसत्यलाई अनुभव गर्दछ । यस मार्गमा अगाडि बढेन भने अनुभव हुँदैन र अनुभव भएन भने सम्यक हुँदैन ।

पहिलो सत्य हो दु:ख सत्य । दु:ख स्वयं एउटा आर्य सत्य हो । आर्य भनेको के हो ? जुन सत्यलाई साक्षात्कार गरे पछि अनार्य व्यक्ति आर्य हुन्छ । आर्य अष्टाङ्गिक मार्गमा अगाडि बढे पछि अनार्य व्यक्ति आर्य हुन्छ, निर्मल हुन्छ, सन्त हुन्छ । जस्ले विकारलाई निकालिसक्यो त्यस्तो व्यक्तिलाई आर्य भनिन्छ र जस्ले विकार निकाल्ने कुनै काम गर्दैन त्यस्तो व्यक्तिलाई अनार्य भनिन्छ । अनार्य व्यक्ति आर्य हुनको लागि पहिला यस मार्गमा अगाडि बढ्नु पर्‍यो, यस मार्गमा चलेर जुन पहिलो सत्यको दर्शन हुन्छ त्यही दु:ख आर्यसत्य हो । दु:ख अनुभव गर्नु, दु:खको सत्यलाई भोग्नुले हामीलाई अनार्य नै बनाई राख्छ । दु:खको सत्य त्यस्तो सत्य हो जुन थोरै मान्छेले मात्र अनुभव गर्दैन, यो त जीवनको स्थूल सत्य हो । प्रत्येक व्यक्ति जीवनमा कुनै न कुनै दु:खमा परीरहेका हुन्छन्, कि उनीहरू दु:ख भोगीरहेका हुन्छन्, व्याकुल भईरहेका हुन्छन्, जब दु:ख अगाडि आईपर्छन् तब व्याकुल हुन्छन् । तर जब यस दु:खलाई तटस्थभावले हेर्न थाल्छन्, त्यसको सही स्वभाव कस्तो छ हेर्‍यौं भने त्यसकै सहारामा दु:ख सत्य थाहापाउँछ, र आर्य सत्य हुन्छ । दु:ख के हो त ?

जाती पि दुक्खा, जरा पि दुक्खा,
ब्याधी पि दुक्खो, मरणं पि दुक्खं ।
अप्पीयही सम्पयोगो दुक्खो,
पीयही विप्पयोगो दुक्खो ।
यं पि इच्छं नलभती तम्पि दुक्खं,
संक्खित्तेन पञ्चउपादान खन्धा दुक्खा ॥

जन्म हुनु दु:ख हो, बूढो हुनु दु:ख हो, रोगी हुनु दु:ख हो, मृत्यु हुनु दु:ख हो, अप्रिय संग बस्नु दु:ख हो, प्रिय बाट बिछुड्नु दु:ख हो, आफूले चाहेको व्यक्ति, वस्तु अप्राप्त हुनु दु:ख हो । अगाडि बढ्दै गयो भने थाहा हुन्छ कि छोट्करीमा भन्ने हो भने यो पञ्च उपादान स्कन्ध जुन छ त्यही नै दु:ख हो । पाँच उपादान र यसबाट तयार भएको पाँच स्कन्ध, त्यसको प्रति जुन उपादान, जुन चिप्काव छ, आसक्ति छ त्यही दु:ख हो । रुप, विज्ञान, वेदना, संज्ञा, संस्कार यी पाँच स्कन्धलाई मेरो मेरो भन्दै यति गहिरो आसक्ति बनाउँछौं । जति जति आसक्ति बढ्दै जान्छ त्यति त्यति नै पाँच स्कन्धको निर्माण गर्दै जान्छौं बनाउँदै जान्छौं र जति जति यी पाँच स्कन्ध बढ्दै जान्छ त्यति त्यति नै आसक्ति बढ्दै जान्छ । यसरी यी दुवै एकले अर्कोलाई बल दिन्छ र हाम्रो दु:ख पनि बढ्दै जान्छ । जुन सुकै योनीमा जन्म भए पनि हाम्रो दु:खको अन्त हुँदैन किनकि हाम्रो जुन आसक्ति छ त्यो बढ्दै छ । यो पञ्चस्कन्धको प्रति जुन उपादान छ त्यसबाट खुव सुखको अनुभव हुन्छ, शान्ति प्राप्त हुन्छ तरं उपादान कायम भइरहेको हुन्छ, यो म हुँ, यो शान्ति मलाई छ भन्ने भाव आउँछ । म हुँ, मेरो हो भन्ने भाव सूक्ष्म रुपमा चल्दैरहन्छ । पछि बुझ्न थाल्छ कि यो नै दु:ख हो । जुन स्थूल, स्थूल दु:ख छन् त्यसलाई मानेर दु:खबाट बाहिर आउन सक्दैन । जुन बाहिरी सुख छ जुन बाहिरी दुनियाँले सुख भनेर भनिन्छ, त्यही सुख भैं लाग्छ किनकी यो पञ्चस्कन्धको क्षेत्र नै हो । यस क्षेत्रमा जतिसुकै शान्ति प्राप्त भएपनि, प्रशब्धि प्राप्त भए पनि त्यो अनित्य नै हो । यो अनित्य प्रतिको आसक्तिले फेरि पञ्चस्कन्धको नै वृद्धि हुन्छ । बस, यस सत्यलाई आफ्नो अनुभवले थाहापाउन सक्यौं, जान्न सक्यौं भने यो पहिलो दु:ख सत्यलाई दर्शन गरेको भयो ।

(साभार- बुसं २५४८; वर्ष-२१; अङ्क-३)

Downloaded from http://www.dhamma.digital

धम्मपद–२०२

■ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

न तेन अरियो होति – येन पाणानि हिंसति
अहिंसा सब्ब पाणानं – अरियोति पवुच्चति

अर्थ– हिंसा गर्ने व्यक्तिलाई आर्य भनिन्दैन, सबै प्राणीमाथि हिंसा नगर्ने व्यक्तिलाई नै आर्य भनिन्छ ।

घटना– उपरोक्त गाथा भगवाम बुद्धले जेतवन विहारमा बस्नु हुँदा अरिय नामका एक माझीको कारणमा भन्नु भएको थियो ।

श्रावस्तीको उत्तर ढोकातिर अरिय नामका एक माझी बस्दथे । एकदिन तथागतले ती माझी स्रोतापत्ति मार्गफलमा पुग्न सक्ने लक्षण देख्नुभई भिक्षाटनबाट फर्कने समय भिक्षु संघलाई साथमा लिई ती अरिय माझी बस्ने ठाउँमा जानु भयो । त्यतिखेर अरिय बल्छी पानीमा डुबाई माछा मार्न खोजीरहेका थिए । भगवान बुद्ध प्रमुख भिक्षु संघ आफूतिर आईराख्नु भएको देखेर हतर पतर गरी बल्छी फ्याँके । बुद्धको अगाडि हात जोडी बिन्ती गरी उभे ।

त्यतिकैमा भगवान बुद्धले त्यहाँ उपस्थित भिक्षुहरूसँग तिनीहरूको नाम क्रमैसँग सोध्नु भयो । माझीको अगाडि बसी भगवान बुद्धले 'तिम्रो नाम के हो ?' भन्दै एक एकसँग सोध्नु भयो । भिक्षुहरूले क्रमैसँग म सारीपुत्र हुँ, म मौद्‌गल्यायन हुँ भन्दै आ-आफ्नो नाम बताए । माझीले सोचे- शायद तथागतले मेरो नाम पनि सोध्नु हुन्छ ।

नभन्दै भगवान बुद्धले माझीलाई 'तिम्रो नाम के हो' भनी सोध्नु भयो । "म अरिय हुँ" उनले बिन्ती गरे । तब भगवान बुद्धले ऊनलाई सम्झाएर भन्नुभयो– "तिमीले गरीरहेको जस्तो प्राणीहिंसाको काम गर्नेलाई अरिय (आर्य) भनिन्दैन । आर्य भनाउँदाले त सँधै भरि हिंसा त्याग गरी कुनै पनि प्राणीलाई हानी पुऱ्याउँदैन ।"

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । धर्मदेशना सिद्धिएपछि अरिय स्रोतापत्ति फलमा प्रतिष्ठित भए । ■

क्षमा दिनु नै ठूलो धर्म हो !

■ **गोपाल कृष्ण मानन्धर,** *त्यौड, तँलाछी*

एउटा गाउँमा एउटी अन्धि बूढि बस्थी । बूढि संग धेरै सम्पति थियो । हेर्दा आँखा राम्रा भएपनि अन्धि बूढी दान, धर्म कर्ममा विश्वास गर्थि । सबै गाउँलेहरूको हितैषि भएकोले उहाँलाई ठूली आमा भनेर बोलाउँथे । गाउँलेहरूलाई समस्या पर्दा आफूसंग भएको धन दिएर सहयोग गर्थि । लोग्ने, छोरा, छोरी नभएकोले आमा बाबु नभएका टुहुरा टुहुरीलाई सँधै खाना पकाएर खुवाउन लगाउँथी । घरमा आउने पाहुना र छिमेकीहरूले उहाँको घरको सरसफाई गरेर जान्थे ।

एक दिनको कुरो हो गाउँमा एउटा भिक्षु भिक्षा लिन आइरहेको थियो । यो खबर ठूली आमाको कानमा पऱ्यो । ठूली आमाले बैशाखी टेकेर भिक्षा दिनको लागि भिक्षु सामू गईन् । भिक्षुलाई भिक्षाटन गरी आजको भोजनको निमन्त्रणा दिइन् । भिक्षु उहाँको घरमा जानु भई भोजन गर्नु भयो । भोजन गराई सकेपछि बूढीले आफ्नो दु:खको बारेमा भनिन् । भिक्षु मुसुक्क हाँसेर भन्यो, "तपाईंको बाहिरी आँखा नभए पनि भित्री आँखा त खुलेको रहेछ । यो दान, धर्म र सत्य कर्मको फलको कारणले एक दिन तपाईंको बाहिरी आँखा पनि खुल्नेछ ।" यति भनि भिक्षु आफ्नो बाटो लाग्यो ।

कुकुर भुकिरहेको थियो । उल्लु कराइरहेको थियो । झ्याउँकिरी किरकिर गर्दै आफ्नै सुरमा गाइरहेको थियो । घर भित्र मान्छे बिस्तारै कराएर यताउता चलेको आवाजले बूढी निन्द्राबाट ब्यूँझिइन् । बिस्तारै भऱ्याङबाट झर्दै भनि; "को ? त्यहाँ कोठा भित्र को हैं ?" त्यति भन्न नपाउँदै ति चोरहरूले बूढिको आँखामा खुर्सानीको धूलो डलिदियो । खुर्सानिको पिरोले बूढि चिच्याइन् । बूढीको चित्कार सुनेर गाउँलेहरू सबै जम्मा भयो । चोरहरू समातियो । बिहान भयो । चौतारीमा पंचहरूको भेला भयो । पाँच भलादमिहरूले चोरहरूलाई सजाय दिने निर्णय गऱ्यो । त्यति बेला बूढिको मनमा दया, करुणा र मैत्री जाग्यो । बूढीले आँखा मिच्दा आँखाले सबैलाई देखिन् र भनिन् "यी नानीहरू चोर होइन । मेरो भगवान बनेर आएका हुन् किनभने खुर्सानीको धूलो मेरो आँखामा लगवाई दिएकोले आज मैले आँखा देखें । त्यसैले यिनीहरूलाई यो सजायबाट मुक्त गरी म मेरो घरका छोरा र छोरी बनाएर राख्छु । क्षमा दिनू नै ठूलो धर्म हो ।" पंच भलादमी र गाउँलेहरू ठूली आमाको कुरामा सहमत भएर आ-आफ्नो घर फर्क्यो । बूढीको मैत्री चित्तले प्रभावित चोरहरूको मन पग्ली सबैले आ-आफ्नो कुकर्म देखि पश्चाताप मानी त्यसदिन देखि चोरी कार्य त्यागी बूढी आमैको सेवा गरी इमान्दारीका साथ जीवन बिताउन थाले । ■

(धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सञ्चालित बाल निबन्ध प्रतियोगितामा प्रथम स्थान [illegible] निबन्ध [illegible])

मुर्खहरूको संगत नगर्नु पण्डितको संगत गर्नु

■ श्रामणेर उत्तरो
विश्व शान्ति विहार, कक्षा- ८

मानिस खान लाउन मात्र पाएर सन्तुष्ट हुने प्राणी होइन । उ जिज्ञासा नै जिज्ञासाले भरिएको स्वयं ब्रह्माण्ड हो । उ उत्पति, विनास, सुख, दुःखको हरेक कुरालाई जान्न चाहन्छ । त्यसैले उ पोखरी जस्तो एकैठाउँमा कुहिएर नजमी नदी जस्तै अविरल यात्रा गरेर बस्छ । देशका विभिन्न ठाउँमा यात्रा गर्ने क्रममा विभिन्न मानसिहरूसँग संगत हुन्छ । को बुद्धिमान को मुर्ख झट्ट हेर्दैमा त्यस व्यक्तिलाई पहिचान गर्न सकिदैन । संगतबाट मात्र मुर्ख र बुद्धिमान छुट्याउन सक्छौं ।

मुर्ख भन्ने बित्तिकै नचाहिने काम गर्ने व्यक्ति भन्ने बुझिन्छ । मुर्खले कहिल्यै पनि स्वविवेकद्वारा आफ्नो काम पुरा गर्दैन । अरुले दिएको राम्रो कुरालाई पनि स्वीकार्दैन । मुर्खले आफ्नो ठूलो गल्तिलाई पनि वास्ता नगरी अरुको सानो गल्तिलाई पनि ठूलो बनाएर खिल्लि उडाउँछ । भगवान बुद्धले पनि भन्नुभएको छ । मुर्खले जतिनै राम्रो काम गरेतापनि उ पण्डितहरूको अगाडि १६ आनामा १ आना पनि मुल्यवान हुन सक्दैन । जसरी डाडुले तिहुन तरकारीको स्वाद थाहा नपाएझैं मुर्खले जीवनभर पण्डितको संगत गरेता पनि धर्मको मर्म बुझ्न सक्दैन । एउटा बिग्रेको आलुले सबै राम्रो आलुलाई बिगारेझैं मुर्खले पनि सारा देश र राष्ट्रलाई नै बिगार्दछ ।

राम्रो कुरालाई पहिचान गरी सत्य र साँचो कुरालाई अँगाल्नु नै पण्डितको वास्तविक परिचय हो । उसको बोली व्यवहारबाट पनि पण्डितलाई चिन्न सक्दछौं । पण्डितले घोकन्ते विद्यालाई भन्दा पनि व्यवहारिक विद्यालाई आफ्नो सर्वस्व ठानेका हुन्छन् । पण्डितमा कुनैपनि किसिमको अशुद्ध विकार नहुने र राग, द्वेषआदी कुरालाई पनि त्यागेको हुन्छ ।

हामीले पनि मुर्खको संगत त्यागी पण्डितको संगत गरेमा हाम्रो जीवनले सफलता पाउनेछ र हाम्रो जीवन सार्थक हुनेछ । जीवन अमुल्य रत्न हो यसलाई महत्त्व दिन धार्मिक पुरुषको संगत गर्नुपर्छ । निचोडमा विषयवस्तुको सन्दर्भमा भगवान बुद्धले पनि भन्नुभएको छ :

चरं चे नाधिगच्छेय्य, सेय्यंसदीसमत्तनो ।
एकचरियं दल्हं कयिरा नत्थि बाले सहायता ॥

अर्थात्– आफूभन्दा गुणी मानिसको संगत गर्नु, नभए आफुसमानको तर आफुभन्दा दुर्गुणीको संगत कहिल्यै नगर्नु । यस्ताको संगत गर्नुभन्दा त सुदृढ मन राखी एक्लै हिंड्नु जाती छ ।

॥ भवतु सब्ब मंगलं ॥

धर्मकीर्ति पत्रिकाया[illegible]

■ अमीर कुमारी [illegible]

कीर्ति छगु अति उत्तमगु
बयान यानां साध्य हे मजू
छगु कीर्तिया ज:ली च्वनेदया:
जिगु नुग: मिखा चाला:यगु दु
शुभाय् दु धकं छन्त जिगु
यक्को यक्को शुभाय् देछाना च्वना ।
ज: बयाच्वन सुपुसें च्वंक
छगु कीर्तिया प्रभावं जित
धर्म रस नं पान यायदया
जिगु थ्व जीवन हे धन्य [illegible]
धन्य धन्य छगु धर्मकीर्तियात
जिगु थ्व जीवन [illegible]
नायात लायक ज्या याना च्वन [illegible]
निरन्तरता छगु पुलि बाला:
कायमफु धक जिं गुलि [illegible]
भय् भय् नायक हे धर्मया रस
लिमला: छगु जक त्वह: मिना [illegible]
थ:हे दया:गु अति मचा: ।
जी न्यादँया वैसं च्वगु
छगु धर्म रस अति उत्तमगु
लिपा [illegible]
छगु थ्व [illegible]
अले शुभाय् नं देछाना [illegible]
[illegible]

Downloaded from http://www.dhamma.digital

व्यवहारिक जीवनमा बौद्ध शिक्षाको महत्व

■ शदिक्षा श्रेष्ठ
एन.के.सिंह मेमोरियल, मिनभवन

जीवनमा हामीले कयौं उतार-चढाव, उकाली-ओराली दुःख र सुखका क्षणहरू भोग्छौं । यी परिवर्तनहरूलाई अपनाउँदै र बुझ्दै व्यवहारिक जीवन चक्र चलिनै रहन्छ । वास्तवमा मानिसको आहार, व्यवहार र विचार निकै नै महत्त्वपूर्ण हुन्छन् । यही महत्त्वपूर्ण विचारले नै मानिसमा महान मानवताको जन्म गराउँछ । यसै विषयमा एक प्रेरक व्यक्तित्वका रूपमा हामी भगवान् बुद्धलाई लिन सक्छौं । उहाँ महामानव मात्रै नभएर एक पूजनीय गुरुका रुपमा यस संसारभरिका मानिसबाट नै पुजिन्छन् ।

बुद्ध धर्मको सुरुवात धेरै पहिले देखि नै भएको हो तर आज पनि बुद्ध धर्मको महत्त्व यस संसारमा उत्तिकै रहेको छ । आज पनि विश्वका कयौं मानिसहरूले बुद्ध शिक्षाद्वारा आफ्नो जीवनलाई सहज र सरल बनाउँदै आएका छन् । बुद्ध शिक्षाले व्यवहारिक जीवनका लागि महत्त्वपूर्ण ज्ञान दिन्छ जसका कारणले हामी हाम्रो जीवन राम्रोसँग व्यतित गर्न सक्दछौं । बुद्ध शिक्षाले हामीलाई हाम्रो दुःखको कारण तृष्णा हो भनेको छ, र यो सत्य पनि हो । यो मानवीय स्वभाव नै हो कि जब हामी कुनै राम्रो देख्छौं र हामीलाई जुन कुरा मनपर्छ, हामी त्यस वस्तुसँग यति गाँसिन्छौ, त्यो वस्तुप्रति यती मोहित हुन्छौं कि पछि गएर हाम्रो त्यो वस्तुप्रतिको माया मोहले हामीलाई कति दुःख दिन सक्छ भन्ने कुरा सोच्न हामीलाई फुर्सद नै हुँदैन । यो संसार का सबै वस्तुहरू नाशवान र नश्वर हुन्छन् त्यसैले यी नश्वर वस्तुहरूप्रति मोह र तृष्णा राख्नु भनेको नै दुःखी हुनु हो । एउटा भोकाएको मानिसले खानेकुराको इच्छा राख्नु तृष्णा होइन एउटा नाङ्गो व्यक्तिले वस्त्रको इच्छा राख्नु, त्यो पनि तृष्णा होइन, तर यदि एउटा मानिससँग प्रशस्तै खानेकुरा छ तर ऊ झन मीठो खानेकुराको इच्छा र ाख्छ र उसँग भएको प्रशस्त खानेकुरा पनि भोक लागेको समयमा खाँदैन भने त्यो तृष्णा हो । एउटा मानिसले वस्त्र माथि वस्त्र थप्छ तर त्यसको उपभोग गर्दैन भने त्यो तृष्णा हो ।

हामी मानव हौं र स्वभाविक रूपबाट हामी गल्ती गर्छौं । हामीबाट कहिल्यै काहीं गल्ती हुँन्छ, त्यो स्वभाविक नै हो । हामीले एक पटक गरेको गल्तीबाट सिक्न सक्नुपर्छ एक पटक गरेको गल्ती हामीले बारम्बार दोहऱ्याउनु हुँदैन । भगवान बुद्धले पनि भनेका छन् 'जो मानिस गल्ती गर्दैन, त्यो मानिस होइन र जो मानिस बारम्बार गल्ती दोहऱ्याउँछ, ऊ पनि मानिस हीइन । दैनिक जीवनमा हामीबाट गल्ती हुन्छ तर त्यो गल्तीबाट एउटा पाठ सिकेर हामीले हाम्रो गल्ती सच्याउनु पर्दछ । गौतम बुद्ध पनि त राजकुमार थिए, असंख्य धन सम्पत्तिका मालिक तर उनले ती सबै चीजहरू त्यागे र जीवन सम्बन्धमा अध्ययन गरे त्यसपछि मात्रै उनी आज भगवान् बुद्ध भएका छन । उनले ती भौतिक चीजहरूप्रति तृष्णा राखेनन् र हामीले पनि त्यहीं गर्न सक्नुपर्छ । आज यस संसारमा जति पनि समस्याहरू देखा परेका छन्, यी सबैको मूल कारण लोभ, लालच नै हो । हामीमा जति बढी तृष्णा हुन्छ, हामी त्यति नै लोभी र लालची बन्छौं अनि आफ्नो लालच पुरा गर्नका लागि हामी अरुलाई दुःख दिन पनि पछि हट्दैनौं, यसरी चोरी, डकैती जस्ता समस्याहरू उत्पन्न हुन्छन् । आजको व्यस्त समयमा जहाँ मानिसलाई कसरी बढी पैसा कमाउँ, कसरी सबैभन्दा माथि पुगौं भन्ने जस्ता प्रश्नहरूले घेरेको हुन्छ, त्यस समयमा पनि बुद्ध शिक्षाले मानिसलाई अरुको भलो हुने काम र यस विश्वभरि कै मानिसहरूको हित हुने काम गर्न हामीलाई प्रेरित गर्दछ ।

भगवान् बुद्धले सधैंजसो धर्मउपदेश दिँदा खेरि एउटा मात्रै कुरा भन्नु हुन्थ्यो रे, त्यो हो दुःखको कारणलाई पत्ता लगाएर हामीले त्यसलाई निर्मूल पार्नु पर्छ भनी । दुःखबाट मुक्ति पाउने उपायहरू हामीलाई बुद्ध शिक्षाले सिकाउँछ । सबै मानिसले आफ्नो जीवन सुखमय तरिकाले बिताउन चाहन्छ । वास्तवमा भन्ने हो भने सबै मानिसहरू सुख भोग गर्न चाहन्छन् । मानिसहरूलाई सुख हुनु र दुःख नहुनुमा फरक थाहा छैन । सुख भोग्नु र दुःख नहुनुमा धेरै फरक छ । आँखाले देखेको र कानले सुनेकोमा जति फरक छ, त्यति नै फरक सुख भोग्नु र दुःख नहुनुमा छ । जब मानिसले सुख भोग गर्छ, तब उसको त्यसप्रति तृष्णा बढ्छ र झन् चाहियो चाहियो भन्ने मात्र हुन्छ ।

सुखको झन् झन् बढी आशाले उसलाई अत्यन्त दु:खी नै बनाउँछ । तर बुद्ध शिक्षाले हामीलाई दु:खबाट मुक्त हुने, दु:खको कारण खोजी त्यसको अन्त्य कसरी गर्ने भनेर सिकाउँछ । यसरी जीवनमा दु:खका कारणहरू नै नभए मानिस आफ्नो जीवनमा दु:खी नै हुँदैन ।

हाम्रो व्यवहारिक जीवनमा असल साथीहरूको पनि महत्त्व रहेको हुन्छ । बौद्ध शिक्षाले पनि हामीलाई एक असल मानिस बन्नका लागि असल मित्रहरूको आवश्यकता पर्छ भन्ने कुरा बुझाएको छ । जब हामी सत् संगत गर्छौं तब हाम्रा ती असल साथीहरूको असल गुण र स्वभाव पनि हामीमा आउँछ । भनिन्छ नि एउटा मानिस कस्तो छ भन्ने जान्न इच्छा छ भने त्यो मानिसका मित्रहरू कस्ता छन् भन्ने मात्र जाने पनि पुग्छ । हामीले जस्ता साथीहरू बनाउँछौं, हामी पनि त्यस्तै हुन्छौं, त्यसैले हामीले जीवनमा असल साथीहरू बनाउनु पर्दछ । बुद्ध धर्मले हामीलाई संयम र सहनशील बन्ने प्रेरणा पनि दिन्छ । भगवान् गौतम बुद्धको जीवनमा पनि एउटा अनौठो घटना भएको थिए । एकदिन ध्यान गरिरहेका गौतम बुद्धलाई एक जना मानिस आएर साऱ्है गाली गरे, नाना भाती कठोर शब्द बोले तर पनि भगवान् बुद्ध शान्त रहे उनले ती सबै सहे र सहनशील रहे, गाली गरिसकेपछि त्यो व्यक्ति फर्क्यो । भगवान बुद्धका शिष्यहरूले उनले किन त्यो व्यक्तिलाई केही पनि नभन्नु भएको भनेर सोधे अनि भगवान् बुद्धले भन्नु भयो कि कुनै अबुझ मानिसले आएर आफूलाई गाली गर्छ भने आफु सहनशील हुनुपर्छ र शान्त भएर बस्नुपर्छ । यदि उहाँले त्यो रिसाएको व्यक्तिलाई केही भन्नु भएको भए त्यो व्यक्तिले अवश्य पनि सुन्ने थिएन । त्यसैले मानिसमा सहनशीलता भन्ने हुनुपर्छ । पछि त्यही मानिस फेरि भगवान् बुद्ध कहाँ आएर उहाँ समक्ष माफी माग्यो । यो घटनाले पनि हाम्रो जीवनमा सहनशीलताको कति महत्त्व छ भन्ने कुरा बुझाउँछ । यदि हामीलाई एउटा कुवामा आफ्नो अनुहार हेर्ने इच्छा छ भने हामीले केही समय त्यो कुवाको पानी शान्त भइ तरङ्गहरू नभएको संयमका लागि पर्खनुपर्छ अनि मात्र हामीले आफ्नो अनुहार त्यस कुवामा देख्न सक्छौं । त्यसैले पनि हामी सहनशील हुन सक्नुपर्छ र सहनशील बन्ने प्रेरणा हामीले बुद्ध शिक्षाबाट प्राप्त गर्छौं ।

मानिस 'दु:खमा आत्तिने र सुखमा मात्तिने' किसिमको हुनु हुँदैन । व्यवहारिक जीवनमा सुख र दु:ख दुवै आइपर्छन्, त्यसै हामीमा यी दुवैलाई अपनाउँदै लाने क्षमता हुनुपर्छ । बुद्ध शिक्षाले हामीलाई हिंसा नगर्नु, सत्य बोल्नु अरु प्राणीहरू प्रति माया दया देखाउनु पर्छ भन्ने कुरा सिकाउँछ । हामीले सधैं सत्य बोल्नुपर्छ किनभने जब हामी एउटा झूठ बोल्छौं, तब त्यो एउटा झूट लुकाउनका लागि हामीले सयौं झूठ बोल्नु पर्ने हुन्छ । हामी मानवहरूमा दया, माया र करुणा सधैं हुनुपर्छ । धर्म भनेको पाठ-पूजा गरेर मात्र हुने होइन । धर्म भनेको त अरुको सहयोग गरेर पनि गर्न सकिन्छ । आफ्नो कर्म र कर्तव्य गर्नु पनि एक प्रकारको धर्म नै हो । भगवान् बुद्धले आफू परिनिर्वाण हुनु अघि भनेका थिए कि "आफूले बनाएका नियमहरू समयसँगै परिवर्तन गर्दै लानू' । हामीले पनि समयसँगै आफ्नो समाज र आफूलाई परिवर्तन गर्दै लानु पर्दछ । शान्ति पूर्वक बाँच्ने इच्छा हरेक मानिसको हुन्छ तर त्यो इच्छा निकै नै कम मानिसहरूको मात्रै पूरा हुन्छ । शान्ति प्राप्त गर्नका लागि त पहिले मानिस सन्तुष्ट हुनुपर्छ । मन शान्त भए मात्र हामीले आफ्नो जीवन शान्तिपूर्वक बाँच्न पाउँछौं । मानिस असन्तोषी र लोभी हुनु हुँदैन । मानिस असन्तोषी भएमा उसको जीवन कहिल्यै पनि शान्ति पूर्वक व्यतित हुन सक्दैन ।

मानिस जन्मन्छ आफ्नो कर्म गरेपछि ऊ मर्दछ, त्यो सामान्य कुरो हो । यो व्यवहारिक सत्यलाई मानिसले बुझ्नुपर्छ र अपनाउनु पर्छ । यस संसारमा कोही पनि अमर छैन, सबैले एकपटक त मर्नु नै पर्छ, जब हामी यो सत्यलाई ग्रहण गर्छौं तब मात्र हामी जीवनमा अघि बढ्न सक्छौं ।

अन्त्यत: यदि बुद्ध शिक्षाद्वारा हासिल गरेका ज्ञान र शिक्षाहरूलाई हामीले आफ्नो व्यवहारिक जीवनमा अपनाउन सक्छौं भने मात्र हामी आफू सुखी हुन सक्छौं । जब हामी आफू शान्त र दु:खबिना हुन्छौं तब मात्र हाम्रो परिवार राम्रो हुन सक्छ । यसरी परिवार राम्रो भएमा हाम्रो राष्ट्र पनि राम्रो अनि सम्मुनत हुनेछ । अनि एउटा नयाँ र विकसित नेपालको कल्पना वास्तविकता बन्नेछ । यसरी सबै राष्ट्रहरू विकसित भए, यो विश्व नै कति राम्रो हुने थियो र यो विश्व नै कति शान्त , सुन्दर र स्वर्गीय हुने थियो । ■

Downloaded from http://www.dhamma.digital

मृत्युम् सरणम् गच्छामी !

■ भिक्षु उत्तम
(अरविन्द साम 'धर्मद')

शब्दले मात्र पनि हामी तर्सन्छौं - मृत्यु देखि ! 'मृत्यु' को जय जयकार, मान सम्मान, पूजा इतिहासमा कसैले गरेन, न अहिले नै कसैले गरेको छ न भविष्यमा। कति घृणित कति उपेक्षित, अपहेलित जसलाई कोहि सम्झनु सम्म चाहँदैन । वास्तवमा जीवनको जन्म संगै मृत्यु पनि जन्मेतापनि हामी क्षण प्रति क्षण यसकै सम्मुख गईरहेका भएपनि, तर यसलाई हामी स्वीकार्न खोज्दैनौं। किनकी सबैलाई जीवनको माया छ, मृत्यु वरण हुन चाहँदैनन् । सबैलाई सुख, आनन्दकै चाहना हुन्छ । मृत्यु सम्मुख पुगेका हाम्रा हजुरबुबा हजुर आमाहरू सम्म पनि मृत्युलाई स्वीकार्न चाहँदैनन्, ती सके अझै बाँच्ने अभिलाषा पाल्दछन् । जबकि शारीरिक मानसिक अवस्था दुर्वल भइसक्दा पनि नाति पनाति जनाति खनातिको मुख हेर्ने आकांक्षा पोख्दछन् । सांच्चै, मृत्यु देखि किन यति विघ्न टाढिन्छौं हामीहरू ? प्रश्नका लहराहरू लहरिरहेका छन् यो मन-मस्तिष्कमा । गजब लाग्छ किन कोहि **'मृत्युम् सरणम् गच्छामि'** भन्न हिम्मत सम्म गर्न सक्तैनन् ।

मृत्युको मतलब जीवनको अन्त्य । मृत्यु यथार्थ सत्य, जुन अनिश्चित जीवनको निश्चित धर्म हो तर हामी मृत्युलाई यथार्थ सत्यका रूपमा स्वीकार्न त परै जाओस् यसको आभाष हावी सम्म हुन दिँदैनौ । किनकी मानिसले जीवनमा अनेकन ठूल ठूला हजार सपनाहरू सजाइ राखेका हुन्छन्, र उ ती सपनाहरूमैं बिलाउन चाहिरहेको हुन्छ । सपनाहरूको श्रृंखलामा आफूलाई हराउन चाहिरहेको हुन्छ ।

संसारमा बोधिसत्त्व सिद्धार्थ एउटा यसको अपवाद बनी देखा परे । जेठ महिना थियो त्यतिवेला कपिलवस्तुमा महोत्सव थियो । सारथि छन्दकका साथ शाही परिवारको सजधजका साथ सिद्धार्थ गोतम नगर परिक्रमा (भ्रमण) खातिर बाहिरिएका थिए । नगर खुब शोभायमान बनेको थियो । शुद्धोदनले छोराका लागि स्वर्गझैं झिलिमिली बनाउन लगाएका थिए । सबै नगरवासीले फूल बर्षा गरि बाजागाजा वादन गरि आफ्नो देशका युवराजलाई स्वागत गरे, उनको जय जयकार गरे, त्यहि हूलमूलमा उनले एउटा कुप्रिएर लट्ठिको आडमा हिंडिरहेको बृद्ध मान्छे देखे । भनिन्छ त्यतिवेला सम्म सिद्धार्थले वृद्ध मानिस देखेकै थिएनन् । त्यसपछि उनले तुरुन्तै सारथीतिर जिज्ञासा राखे- "छन्दक ! यो को हो ? किन यसरी कुप्रिएर हिंडिरहेछ ? के भयो यसलाई ? छन्दक "भो युवराज ! सबै मानिस जन्मे पश्चात यस्तै कुप्रो हुनुपर्छ र हजुर पनि पछि यस्तै होइबक्सिनेछ । यसरी चार दिनको भ्रमणमा उनले वृद्ध, रोगी, मरेको मानिस र एकान्त निवासी भिक्षुकको (ऋषी) को दर्शन पाए । उनको मनमा चयन विल्कुलै थिएन । उनी चिन्तनमा डुबे- के यस्तो पनि जीवन ? जहाँ जन्मे पछि रोगी हुनुपर्छ, वृद्ध हुनुपर्छ अन्ततः मर्नु पनि पर्छ !? तर उनको हृदयलाई ती शान्त भिक्षुकको सम्झनाले चयन दिलायो । उनले पुनः विचार गरे आज जति यी दरवाररिया दास दासीहरू, जनताले पुजिरहेछन् या मेरो यो वैभवलाई ? यदि न राजाको छोरा नभई कुनै गरीबको छोरा भइदिएको भए, के यिनीहरूले यसैगरि पूज्छन् ? अहं ! पूज्दैनन्, मान्दैनन् ! के यी वैभवका गुलाम हैनन् ?! अनि म वैभवकै अमिर ! अहं, म यो जालमा बस्दिन, आज सत्यको अन्वेषनार्थ म जानैपर्छ।" यहि चिन्तनको भोली पल्टै सारथी छन्दक र घोडा कन्थकका साथ उनी आषाढ पूर्णिमाको रातमा दरवार त्यागी गए । अनोम नदीमा प्रव्रजित भई राजवस्त्र छन्दकलाई दिए । छन्दक छाती पिटि पिटी रोए, र भने- "राजकुमार ! हजुर भर्खरको हुनुहुन्छ, यी सब राज्य, वैभव, परिवार छोडेर कहाँ जाँदै हुनु हुन्छ ? कुन सुख पाउनु भएन र प्रव्रजित हुनु भयो ? किन यो संसारलाई भगुवापन देखाउनु हुन्छ ?" तब सिद्धार्थ भन्छन् -"छन्दक ! के आगो लागेको घरबाट भाग्नु भगुवापन हो ? के तिमी मलाई मुक्ति दिन सक्छौ ? मृत्युबाट मुक्ति ?! "विचरा छन्दक युवराज सिद्धार्थका यी प्रश्नले नाजवाफ भइ, निरुत्तर भए !

यो घटना हेर्दा प्रायः हामी जस्ता सामान्य मानिस त्यहि वैभवका लागि मरिमेट्छौं र त्यसैको आसक्तिमा डुबी जीवन भित्र लुकेको मृत्युलाई देख्तैनौं तर बोधिसत्व सिद्धार्थ साञ्चिकै सिद्धार्थ बनि देखाए । उनले जीवनमा मृत्युको एकछत्र राज देखे र मृत्यु विहीन अवस्था निर्वाणको खोजीमा ३६ बर्षको उमेरमा बुद्धत्व लाभ गरे ।

भनिन्छ मृत्यु जीवनमा केवल एक पटक हुन्छ तर बुद्धका अनुसार हामी सेकेण्ड प्रति सेकेण्ड मरिरहेका छौं । श्वास भित्रिनु, बाहिरीनु रातदिन हुनु के यो मृत्यु सम्मुख हुनुको ज्वलन्त उदाहरण होइन ? कुनै बेला यात्रामा निस्कंदा कसैसंग यदि तपाईं मृत्युको कुरा गर्नु हुन्छ भने तपाई उसलाई फुस्के मालूम हुनेछ । कोहि पनि यहाँ मृत्यु शब्द

सुन्न चाहँदैनन् । बरू व्यापार, धर्म-कर्म, देश-विदेशका गफ मन पराउँछन् तर कोहि 'मृत्यु' को 'म' सम्म सुन्न हिच्किचाउंछन् । यति सम्म कि कुनै आफन्त वा जो सुकैको होस्, मृत्युमा मलामी जांदा सम्म हामी केहि क्षणको लागि पनि मृत्युको विषयमा कुरा गर्न सक्तैनौं । खोले उहि व्यापार, देशको परिस्थिति, बाह्य जगत, अथवा मृत्यु भएका व्यक्तिसंग आफ्नो पहिलाको सम्बन्ध खोल्छन् तर जसरी हिजो मसंगै खाने, सुत्ने, बस्ने, पढ्ने, ऊ आज मृत्युको अवस्थामा पुग्यो तर आफू पनि एक दिन मर्नूछ भन्ने सोच कल्पना सम्म गर्न डराउँछौं । कति भगौटे छेरौटे छौं हामी ! यहाँ एउटा कहानी छ– एउटा युवक सबेरै ब्युंभिए । वातावरण बडो रमाइलो प्रतित थियो त्यो समय ! उ प्रकृतिको सौन्दर्यलाई यति मग्न दृष्टिले नियाल्दै थिए कि ऊ आफू आफू मैं हराएका थिए । अकस्मात उसको एउटा घनिष्ट साथी, उसको बच्चादेखिको साथी हस्याङ फस्यांग गर्दै दगुर्दै ऊ भएतिर आयो र ऊ एकदमै हतारमा देखिन्थ्यो । उसले अरू 'केहि नभनि साथीको असल घोडा माग्यो । जुन तालिम प्राप्त घोडा थियो । युवक साथी अक्क न वक्कका भएर सोधे 'किन" ? उसले भन्यो "अैले किन सिन को कुरा नगर खुरुक्क देउ यो कुरा पछि दिनभरि गरौंला आज मैले सपनामा 'मृत्यु' आएर मलाई आज यमलोक लाने खवर सुनायो त्यसैले म यहांबाट सयौं कोष टाढा रहेको डायोनिसियस नगरमा जादैछु र म मृत्युदेखि बच्नेछु । त्यहां पुगेपछि मलाई मृत्युले भेट्नेछैन र म बांच्छु ।' यति भनेर ऊ त्यहांबाट सयौं कोस टाढा रहेको डायोनिसियसतिर लम्केको साथी गएको केहि क्षणमैं त्यहाँ मृत्यु आई युवकलाई सोधे । युवकले उनी डायोनिसियसतिर गएको बताए । मृत्यु खुसी हुँदै भने 'ठीक गरेछ आज, उसको मृत्यु त्यहिं हुनेछ त्यहिं जानेछु' भनि उपनि उतै गए ।

उता युवकको साथी जो डायोनिसियसमा प्रफूल्ल भई निर्धकसाथ बसिरहेको थियो । उसले घोडालाई थपथपाई भने– "स्यावास बेते ! तँ साँच्चिकै वायु पंखी घोडा होस् । यतिकै बेला उसको कुममा पनि थपथपाहतको अभास भयो– यसो फर्केर हेर्दा उनी भस्के । सामू 'मृत्यु' खडा थियो । मृत्युले भन्यो आज तिम्रो मृत्यु डायोनिसियसमा हुन्छ भनेर खोज्दै आएको थिएं, संयोगले तिमी यहां सम्म आइपुगेछौ ? "हामी सबैको हालत पनि आखिर यस्तै छ । हामी मृत्यु देखि भागिरहेका छौं तर मृत्यु त हाम्रो आमुने सामुने यत्रतत्र सर्वत्र छ । अगाडी पनि मृत्यु पछाडी पनि मृत्यु ! अत: बुद्ध भन्नु हुन्छ–

कोनु हासो किमानन्दो ?
निच्चं पज्जलिते सति ।
अन्धकारेन ओनद्धा,
पदिपं न गवेस्स थ ?

अर्थात्- कसरी हाँस्ने ? आनन्द मान्ने ? जब चारैतिर आगो दन्किरहेको छ । अन्धकारले छोपिसक्दा पनि फेरी किन तिमी प्रकाश खोज्दैनौं ? वास्तवमा संसार जलेकै छ । यहां चयन छैन, सुख छैन किनकी राग द्वेष मोहले जकडिरहेकाछौं । अत: छ त केवल दु:ख, दु:ख ! बुद्धले चतुआर्य सत्यको प्रकाश पार्नु भयो, जसमा दु:खकै कुरा छन् । ती यस प्रकार छन् –

(१) दुक्ख सच्च (दु:ख सत्य)
(२) दुक्ख समुदय सच्च (दु:खको कारण सत्य)
(३) दुक्ख निरोध सच्च (दु:ख निरोध सत्य)
(४) दुक्ख निरोध गामिनी पटिपटा अरिय सच्च (दु:ख निरोध जाने मार्ग सत्य)

बुद्ध दु:खवादी थिएनन् तर उनले बढी दु:खकै कुरा गरे । बुद्ध मृत्युवादी थिएनन् तर उनले मृत्युकै कुरा गरे । गरे त ध्रुव सत्यको कुरा ! बुद्ध जस्ता व्यक्तिको वचन कहिल्यै भुठो हुन सक्तैन । यो संसारमा कुन घर छ जहाँ कसैको मृत्यु भएको नहोस् ! कुन भगवान् कुन महान् छन् जसको मृत्यु भएन । बुद्ध जस्ता व्यक्तित्वको मृत्यु (महापरिनिर्वाण) र हाम्रो मृत्यु बीच आकाश पातालको भिन्नता छ । बुद्ध जो शुद्ध हुन, जो फेरी अब जन्मन्नन् तर हामी यहां पुन: पुन: जन्मिरहन्छौं जबसम्म हाम्रो तृष्णा निर्मूल हुँदैन । सिकन्दर अलेक्जान्डर मरणासन्न अवस्थामा थिए । उनका सेनाहरू दुखित हुँदै वरिपरि घेरि बसिरहेका थिए । त्यहि अवस्थामा उनले भने - सेना हो ! हेर त आउ यो तिमीहरूका सिकन्दरको हालत ! मृत्युको क्षणमा पुग्दा यी जितेका राज्यहरू साथमा लग्न नसकिने कुरा पहिल्यै ज्ञात भएको भए म मेरो जीवन यसै वर्वाद गर्दिनथें । मृत्यु सम्मुख पुग्दा एकमुठ्ठी श्वास खांचोको बदला ती जितेका जम्मै राज्य दिन्छु भन्दा पनि मैले एकमुठ्ठी श्वास पाउंदिन भने सेना हो ! अत: मेरा यी हातहरूलाई म मरेपछि खुला लटकाइराख्नू ! ताकि अरुले बुझून् कि सिकन्दर जस्ता त मृत्यु संगको हारमा केहि लान सक्तैन भने अरूले के !" प्रस्तुत घटना मार्मिक छ हृदयस्पर्शी छ । मृत्युको चरणमा सिकन्दर सम्म शरण पर्छन् भने अब हामी आफू आफूमै मृत्युको अंधेरोबाट पन्छिन प्रज्ञा प्रदिप, ज्ञानको ज्योति खोजनीति गर्नतिर बढ्नु पर्छ, लाग्नु पर्छ । नत्र हाम्रो हालत पनि सिकन्दर महान्को जस्तो हुन के बेर ! ■

Downloaded from http://www.dhamma.digital

पूज्यनीय धम्मवती गुरुमांया ७३ दँ बुन्हिया लसताय् नसपोलसपोलं दिर्घायु, निरोगी, सुस्वास्थ्य व बुद्ध शासनय् अग्रम्ह भिक्षुणी जुयाः न्ह्याबलें बुद्ध धर्मयात च्वन्ह्याका बिज्याय् फयेमा धकाः कामना यासे भिन्तुना कवितायागु रूपे देछाना च्वना–

अनन्त गुणं पूर्णम्हः धम्मवती गुरुमां

आदरयाय् बहम्ह, गौरबतय् ल्वःम्ह
पूजायाय् छिंम्ह, अनन्त गुणं पूर्णम्हः
गुरुमां छ्पिं धार्थें महान ।
बि.सं. १९९१ असार गुरु पुन्हि खुनु
अबु हर्ष मान शाक्य मां हिरा थकुं शाक्यया
कोखं यल देशे जन्म जुया बिज्याःम्ह
गणेश कुमारी धैगु नां ज्वना बिज्याःम्ह
गुरुमां छ्पिं धार्थें महान ।
प्यम्ह दाजुकिजा मध्ये याकः म्ह्याय् जुयाः,
योम्ह म्ह्याय् धका प्रख्यात जुयाः
नेपाल मांया अतिकं योम्ह
गुरुमां छ्पिं धार्थें महान ।
१४ दँ यागु इले बुद्धघोषया उपदेश न्यनाः
थःगु तुतियात साधनया रूपे छ्यूयलाः
बर्माय् धर्म अध्ययन यायत धम्मावुधया
ल्यूल्यू बिज्याम्ह
गुरुमां छ्ःपिं धार्थें महान ।
नच्चागु उमेरं निसें महत्वाकांक्षी भावना
ज्वना बिज्याम्हः ग्याचिकु पहः भ्याभचाहे मदुम्ह
अदम्य साहस, निडर, निस्वार्थ भावना दुम्ह
धन स्वया विद्या धर्म तःधं तायका बिज्याःम्ह
गुरुमां छ्पिं धार्थें महान ।
बर्मा बिज्यागु इले पासपोर्ट मदया खोरे
तकं च्वना बिज्याना नं अनुशासन,
जेहेन्दारया रूपे १४ दँ तक बौद्ध शास्त्र
अध्ययन याना बुद्ध शासनया योम्हः म्ह्याय् जुयाः
दकले न्हापा "शासन धज धम्माचरिया"
धैगु उपाधि कया बिज्याःम्ह
गुरुमां छ्पिं धार्थें महान ।
जन्मभूमिस ल्याहाँ बिज्यानाः धर्मकीर्ति स्थापना
याना बिज्याम्हः, अध्ययन गोष्ठि निस्वना
बिज्याम्हः, मसःमस्यूपिंत बुद्ध ज्ञानं ध्वाथ्विका
ज्ञानया मत खमका बिज्याम्ह !
गुरुमा छ्पिं धार्थें महान ।
रूढिवादी, अन्धविश्वासयागु इले,
मिसापिंसं आखः ब्वने मज्यू धैगु बखते
नारी जागृतियागु अभियान ज्वनाः थहे
न्ह्यलुवाः जुया बिज्याःम्ह
गुरुमां छ्पिं धार्थें महान ।
थगु लक्ष्यप्रति पूर्णतया आत्मविश्वास दुम्हः
आध्यात्मिक रूपं समाज देशया हरेक
धार्मिक क्षेत्रे नं उलिहे गुहाली याना बिज्याम्हः
"अग्गमहा गन्थवाचक पण्डित" धैगु उपाधि
तकं कया बिज्याःम्ह
गुरुमां छ्ःपिं धार्थें महान ।
धर्मय् समानता दयमा धका भिक्षुणी
जुयां नं तधंछु मजुसे, थःगु जन्म दिनस
भन्ते, गुरुमां, गुरुजु, लामा भन्तेपिंत आमन्त्रणा
यासे थम्हं नं दान बियाः फुकेसितं दान
बीका बिज्यानाः पुण्य संचय याका बिज्याम्हः
गुरुमां छ्पिं धार्थें महान ।
हिमालथें उच्च विचार, पहाडथें विशाल
धर्मया छाती दुम्हः समुद्रयागु थें गहन निस्वार्थ
चतुर्ब्रह्म विहारयागु गुण धर्म दुम्ह
अतुलनिय देन बहुमुखी प्रतिभा दुम्हः
गुरुमां छ्पिं धार्थें महान ।
बौद्ध जगतय् प्रख्यात जुया ममतामय मां
धम्मवती गुरुमां धायका बिज्याम्हः
यइपुक, न्ह्यइपुक, ध्वंथ्विक धर्म खँ कनाविज्याइम्हः
धर्मया यक्को सफूत पिथना बिज्याम्हः
गुरुमां छ्पिं धार्थें महान ।
गौतमी विहार स्थापना याना बिज्याम्हः
लुम्बिनी क्षेत्रे तिमिला थें थीम्ह
बौद्ध मार्गितय् हृदयया ढुकढुकी जुया बिज्याःम्हः
देश विदेशे सम्मान याका बिज्याःम्हः
प्रभावशालि व्यक्तित्व पूर्णम्हः
गुरुमां छ्पिं धार्थें महान ।
बुद्ध धर्मया ध्वाँय् ब्वयका बिज्याःम्हः
बुद्ध शासनया धिसिलाःगु थां जुया बिज्याःम्ह
बुद्ध क्षेत्रे नगुथें थिना न्ह्याबलें स्वस्थ दिर्घायु
जुयाः बुद्ध धर्म न्ह्याबलें च्वन्ह्याकाबिज्याय् फयमा
धकाः आशिका यासे थौंया भिंगु जन्म
दिनस भिन्तुना गुरुमां छ्पिं धार्थें महान धकाः ।

■ प्रेम लक्ष्मी तुलाधर, न्यत

योग अभ्यास विधि – भाग २८

रेकी, योगा शिक्षक एवं प्रा.चि. डा. गोपाल प्रधान
रेकी वैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं - ४२२४०८५

ग्यास्ट्रिक रोग र उपचार

ग्यास्ट्रिक रोग र उपचारका लागि सर्वप्रथम नियमित खान पानमा ध्यान दिनु पर्दछ । भोजन गर्दा छिटो-छिटो वा धेरै नै विस्तारै भोजन गर्ने व्यक्तिलाई प्राय ग्यास्ट्रिक रोग लाग्न सक्दछ । त्यस्तै जुन समयमा मन लाग्यो त्यहि समयमा भोजन गर्ने व्यक्तिलाई पनि ग्यास्ट्रिक रोग लाग्न सक्दछ । साथै भोजन गर्दा नचाहिंदो कुरा अर्थात वाद विवाद गर्ने व्यक्तिलाई पनि ग्यास्ट्रिक रोग लाग्न सक्दछ ।

ग्यास्ट्रिक रोग किन लाग्छ :

ग्यास्ट्रिक अर्थात पेटको रोग हुनुको मुख्य कारण पेटमा आवश्यकता भन्दा बढि वायु विकार जम्न गई रोग लाग्नु हो । ग्यास्ट्रिक रोग लाग्नुको मुख्य कारण हामीले नियमित गरेको भोजनलाई राम्रो सित पचाउन सक्दैनौ जसको कारण हाम्रो आमाशयमा त्यस्ता भोजनहरू सड्न थाल्दछ, सोही कारण हामी ग्यास्ट्रिक रोगबाट ग्रसित हुन थाल्दछौ । हाम्रो पेटमा वायु उत्पत्ती हुन लाग्दछ । हुनत यस्तो समस्या बढि मेहनत गर्ने व्यक्तिलाई हुन्छ तर हाल प्राय सबैलाई ग्यास्ट्रिक रोगको समस्या देखिन लागेको छ । त्यस्तै बढि भन्दा बढि मैदाबाट बनेको खाद्य पदार्थ, चिल्लो, अमिलो, पिरो, गुलियो, नुनिलो एवं मांसाहारी खाद्य पदार्थ खाने व्यक्तिहरू ग्यास्ट्रिक रोगबाट संक्रमित हुन्छ । त्यस्तै धेरै वेरसम्म दिशा पिसाव रोकेर बस्ने, ढिलो सुत्ने, बढि उपवास गर्ने व्यक्तिहरूलाई पनि ग्यास्ट्रिक रोग लाग्छ । मनमा बढि डर, चिन्ता, शोक, त्रास, क्रोध, दुःख आदि लिने व्यक्तिलाई पनि ग्यास्ट्रिक रोग लाग्न सक्छ ।

ग्यास्ट्रिक रोगको लक्षण :

भोक लाग्दैन वा विस्तारै भोक लाग्न छोड्छ । छाती र पेटमा पिडा हुन थाल्दछ । तनाव बढ्न लाग्दछ । आवश्यकता भन्दा बढि डकार आउन थाल्दछ भने गनाउने वायु मलद्वारबाट निष्कासन हुन थाल्दछ । घाँटि, मुटुको क्षेत्रमा असह्य पिडा हुन लाग्छ । आलस्य, टाउको दुख्नु, कोखा दुक्खु रिंगटा लाग्नुका साथै शरीरका कुनै न कुनै भागमा पिडा हुनु वा घोच्नु आदि हुन थाल्छ ।

खानपानबाट उपचार :

ग्यास्ट्रिक रोगबाट निदान पाउनको लागि नियमित खानपानमा सुधार ल्याउनु पर्दछ । खाना खाँदा छिटो-छिटो वा धेरै विस्तारै खाना खाने बानी त्याग्नु पर्दछ । भोजन नियमित समयमा खाने गर्नुपर्छ । भोजन गर्दा सकेसम्म तरल पदार्थ अर्थात पानी, दुध नपिउनु बेस हुन्छ । ग्यास्ट्रिक रोग लागि सकेका व्यक्तिले सात्विक आहार खानु पर्दछ । त्यस्तै ग्यास्ट्रिक रोगबाट बच्न चिल्लो, पिरो, अमिलो, बढि नुनिलो र बढि गुलियो भोजन गर्नु हुँदैन । त्यस्तै ग्यास्ट्रिक रोग लागेका व्यक्तिले बढि तातो वा बढि चिसो भोजन गर्नु हुँदैन । भोजन गर्दा भोजनलाई पूर्ण रूपले चबाएर भोजन गर्दा राम्रो हुन्छ । ग्यास्ट्रिकका रोगीले नियमित भोजनका साथै हरियो सागपात र ग्रीन सलाद प्रचुर मात्रामा खानु पर्दछ । त्यस्तै मौसम अनुसार गर्मी महिनामा दिनको ३ देखि ३.५ लिटर र जाडो महिनामा २.५ देखि ३ लिटर सम्म पानी पिउनु पर्दछ ।

धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु

क्र.सं. ५१३
श्रीमान अनिल वज्राचार्य
हाडी गाउँ, घर नं. १६२
का.म.पा. ५ वडा, काठमाण्डौ
रु. १०१०।-

क्र.सं. ५१४
श्रीमती नानी हेरा तुलाधर
छत्रपाटी, कुनफेन मार्ग
रु. १००५।-

वनेपा बाल आश्रम (मेत्ता सेन्टर) लाई सहयोग

१. श्रीमती पद्मावती ताम्राकारको जंकु उपलक्षमा रु. ७००७-
२. स्व. पिता र माताको स्मृतिमा हरिमान रंजित रु. १०१०।-
३. स्व. बलरामको स्मृतिमा ज्ञानेश्वरी रंजित रु. २२०।-
४. हरिमान रंजित जन्मदिनको उपलक्ष्यमा रु. २१०।-
५. भिक्षुणी सुमेधावती, धरान रु. २०१।-
६. केशचन्द्र शाक्य, बनेपा रु. २००।-
७. श्री भक्त उपासक रु. २००।-

Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सममासम्बुद्धस्स"

मिलिन्द-प्रश्न – ३

(संक्षिप्त वृतान्त)

अनुवादक : आनन्द प्रधान

त्यसबेला आयुष्मान अस्सगुत्तले रोहणलाई भन्नुभयो– "आयुष्मान रोहण ! बुद्ध शासन यस्तो संकटमा पर्दा तपाई भने संघको कामतिर ध्यान दिनुहुन्न ?"

भन्ते ! मबाट गल्ती भयो ।

आयुष्मान रोहण ! अब तपाईले दण्डकर्म भोग्नुहोस् ।

भन्ते के गरुँ ?

आयुष्मान रोहण ! हिमालय पर्वतको छेउमा कजङ्गल नामकी एउटा ब्राह्मणहरूको गाउँ छ । त्यहाँ सोनुत्तर नामको एक जना ब्राह्मण बस्नु हुन्छ । त्यो ब्राह्मणको नागसेन नामको एउटा छोरा जन्मिनेछ । तपाई सात वर्ष दस महिनासम्म उनको घरमा भिक्षाटनको लागि जानुहोस् र नागसेन बालकलाई ल्याएर प्रव्रजित गर्नुहोस् । जब ऊ प्रव्रजित हुन्छ तब तपाई आफ्नो दण्ड-कर्मबाट मुक्त हुनुहुनेछ ।

आयुष्मान रोहणले पनि– "हवस् !" भनेर स्वीकार गर्नुभयो ।

महासेन देवपुत्रले पनि देवलोकबाट ओर्लिएर सोनुत्तर ब्राह्मणकी भार्या (श्रीमती) को कोखमा प्रतिसन्धि प्रवेश) धारण गर्नुभयो । प्रतिसन्धि ग्रहण गर्न साथै तीन आश्चर्य (अद्भूत धर्म अद्भूत घटना) प्रकट भयो– (१) सबै शस्त्रास्त्र (खुँडा, तरवार, भाला वर्दा धनुकाँडा) दनदन जल्यो (२) नयाँ धान पाक्यो र (३) ठूलो मुसलधारे पानी पर्न लाग्यो ।

आयुष्मान रोहण पनि त्यो प्रतिसन्धि ग्रहण गरेको समयदेखि लिएर सात वर्ष दस महिनासम्म सँधै त्यो ब्राह्मणको घरमा भिक्षाटनको लागी जानुभयो । तर कुनै दिन पनि पन्यू भरीको चोइली भात अथवा चम्ची भरीको मही अथवा अभिवादन (प्रशंसा, गुणगान) अथवा नमस्कार अथवा स्वागतको शब्द सुन्न पाउनु भएन । बरु उल्टै छिः छिः र दूर दूर जस्तो अप्रिय लाग्ने शब्द नै सुन्नु पर्थ्यो "भन्ते ! यता पाल्नुहोस्" यतिसम्म भन्ने मान्छे पनि कोही थिएन । सात वर्ष दस महिना वितेपछि एकदिन "भन्ते ! यता पाल्नुहोस्" भनेर यसरी कसैले भन्नुभयो । त्यही दिन ब्राह्मण पनि कुनै काम गरेर कहीं बाहिर गएर फर्की रहनु भएको थियो । बीच बाटोमा स्थविरलाई देखेर सोध्नुभयो– "भन्तुहोस् साधुमहाराज ! के मेरो घरमा जानु भएको थियो ?"

हो ब्राह्मण ! गएको थिएँ ।

के केही कुरो पाउनु पनि भयो ?

हो ब्राह्मण पाएँ ।

त्यो कुरो सुनेर मन खुशी भएर घर गएर सोध्नुभयो– "त्यो साधुलाई केही कुरो दिइएको थियो ?"

अहँ केही पनि दिइएको थिएन ।

अर्को दिन घरको ढोकै छेउमा बस्नुभयो– आज त्यो भिक्षुलाई झुट्टो कुरो गर्नु भएको अपराधमा दोषी ठहऱ्याउनेछु ।

अर्को दिन स्थविर ब्राह्मणको घरमा जानु भयो । ब्राह्मणले स्थविरलाई देखेर भन्नुभयो– "हिजो मेरो घरमा केही पनि पाउनुभएको थिएन, तर पनि तपाईले "पाएँ" भनेर भन्नुभयो । तपाईंले त्यसरी झुट्टो कुरो गर्नु हुन्छ त ?"

स्थविरले भन्नुभयो– "ब्राह्मण ! तिम्रो घरमा म सात बर्ष दस महिनासम्म सँधै आइ रहें तर कुनै दिन 'यता पाल्नुहोस्' भनेर यतिसम्म पनि कसैले भनेनन् । हिजो "यता पाल्नुहोस" भनेर यति वचन त सुन्न पाएँ । त्यसैलाई लक्ष्य गरेर मैले त्यसो भनेको थिएँ ।

ब्राह्मण विचार गर्न लाग्यो– यदि यो आचारवश भनिएको वचनलाई लिएर "पाएँ" भनेर मानिसहरूमा यस्तो प्रशंसा गर्नुहुन्छ भने कुनै त्यस्तो खाने पिउने थोक पाउनु भएमा कसरी प्रशंसा नगर्नु होला र ?" अतः उनले धेरै खुशी हुनु भै आफूलाई भनेर पकाएको भातबाट पन्यूभरीको भात र त्यती नै बराबर व्यञ्जन (तरकारी अथवा भाजी) भिक्षा दिन लगाएर भन्नुभयो– "यति भिक्षा तपाईंले दिनहुँ पाउने गर्नुहोस ।"

त्यस दिनदेखि त्यो ब्राह्मण उहाँ भिक्षु आउनु हुँदा उनको शान्त स्वभाव देखेर धेरै खुशी हुनुहुन्थ्यो । उनले स्थविरलाई सँधैको लागि आफ्नो घरमा नै भोजन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

स्थविरले "चुप लागेर" स्वीकार गर्नुभयो त्यसपछिदेखि दिनहुँ भोजन ग्रहण गरेर जाने समयमा केही न केही भगवान बुद्धको उपदेश सुनाएर मात्र स्थविर रोहण जानुहुन्थ्यो ।

७. नागसेनको जन्म

दस महिना बितेपछि त्यो बाहुनीको एउटा छोरो जन्मियो । त्यसको नाम नागसेन रह्यो । विस्तार विस्तार बढ्दै गएर सात बर्षको भयो । त्यतिबेला उसको बुबाले उसलाई भन्नुभयो – "प्रिय नागसेन ! यो ब्राह्मण कुलको जुन शिक्षाहरू छन् तीं सिक ।

बुबा ! यो ब्राह्मण कुलले सिक्नुपर्ने कस्ता किसिमका शिक्षाहरू हुन् ?

प्रिय नागसेन ! तीन वेद र अर्का सीप– "यी नै शिक्षाहरू हुन् ।

बुबा ! (हुन्छ) म ती कुरा सिक्नेछु ।

त्यसपछि सोनुत्तर ब्राह्मणले कुनै ब्राह्मण आचार्यलाई एक हजार मुद्रा (सुन-चाँदी तामा आदिका सिक्का) गुरु-दक्षिणा दिएर आफ्नो घरको एउटा उपयुक्त ठाउँमा आसन लगाइ दिएर भन्नुभयो– "हे ब्राह्मण ! तपाईंले नागसेनलाई वेद पढाउनुहोस् ।"

आचार्यले उसलाई वेदमन्त्र पढाउन थाल्नुभयो । बालक नागसेनले एउटै आवृति (अभ्यास) मा तीनै वेद कण्ठ पारयो र धेरै राम्रोसित बुझ्यो पनि । आफैं-आफ उनलाई तीन वेदमा प्रत्यक्ष अर्न्तदृष्टि (भित्री ज्ञान चक्षु) उत्पन्न भयो । शब्दज्ञान, छन्दज्ञान, भाषाज्ञान तथा इतिहास कुनै पनि बाँकी रहेन । उहाँ पदहरूबारे जान्ने व्याकरण, तथा लोकायत र महापुरुष-लक्षण शास्त्रमा पूरा पण्डित हुनुभयो ।

त्यति बेला नागसेनले आफ्नो बुवालाई सोध्नुभयो– "बुबा ! यो ब्राह्मण कुलमा सिक्नु पर्ने यसपछि पनि अरु शिक्षाहरू छन् अथवा यति नै हुन् ?"

छोरा नागसेन ! यसपछि कुनै पनि शिक्षा छैन, यति नै सिक्नु थियो ।

त्यसपछि नागसेन आचार्य (गुरु) सित बिदा लिएर प्रासाद (भवन, ठूलो घर) बाट तल ओर्लिनुभयो । आफ्नो पूर्व संस्कारले प्रेरित भएर एकान्त (सूनसान ठाउँ) मा समाधि लगाएर आफूले पढेको विद्याको आदि (सुरु) मध्य (बीच) र अवसान (अन्त) बारे विचार गर्न लाग्नुभयो । त्यहाँ आदिमा, मध्यमा र अवसानमा कहीं थोरै मात्र भए पनि सार (खासकुरा, निचोड) नपाएर बडो असन्तुष्ट हुनुभयो– "यी वेदहरू तुच्छ छन् खोक्रा छन् । तिनीहरूमा न कुनै सार छ न कुनै अर्थ छ तथा न तथ्य (सत्यता) नै छ ।

त्यो समयमा आयुष्मान रोहण वत्तनीपस्थित आश्रममा बसेर नागसेनको मनको कुराहरू आफ्नो ध्यान बलले थाह पाउनुभयो । उहाँ लुगा लगाएर पात्र र चीवर (गेरुवा रंगको भिक्षु वस्त्र) लिएर वतनीय श्राममा अन्तर्धान भएर कजङ्गल नामको ब्राह्मणको गाउँको अगाडि प्रकट हुनुभयो ।

८. नागसेनसित आयुष्मान रोहणको भेट

नागसेन आफ्नो घरको ढोकानेर उभिरहनु हुँदा आयुष्मान रोहणलाई टाढैबाट आउँदै गर्नु भएको देख्नुभयो । उनलाई देखेर सन्तुष्ट, उहाँ प्रमुदित (आनन्दित, हर्षित) र प्रीतियुक्त (नस्नेह विभार, प्रेमविभोर) भएर उठनुभयो । यस्तो विचार गर्नु भएर कि हुनसक्छ (सम्भवत:) यहाँ भिक्षुले केही सार (तात्पर्य, अर्थ, चुरो) जान्नुहुन्छ होला त्यसैले उनी उनको नजिक जानु भयो र भन्नुभयो– "मारिस ! यसरी कपाल खौरिएको तथा गेरूवा वस्त्र लगाउनु भएको तपाईं को हुनुहुन्छ ?"

बालक ! म भिक्षु हुँ ।

मारिस ! तपाईं भिक्षु कसरी हुनुहुन्छ ?

पापरूपी मैलोलाई हटाउनको लागि म भिक्षु भएको हुँ ।

मारिस ! के कारणले तपाईंको केश यस्तो छैन जस्तो अरुको छ ?

त्यसमा सोन्ह किसिमका बाधाहरू देखेर भिक्षुले कपाल र दाह्री खौरन लगाउँछ ।

कस्ता किसिमका सोह्र बाधाहरू ?

केश र दाह्री राख्नाले तिनीहरूलाई (१) एक एक गरेर छुटयाउनु पर्छ (२) मिलाउनु सिंगार्नु पर्छ (३) तेल लगाउनु पर्छ (४) धुनु पर्छ (५) माला लगाउनु पर्छ (६) सुगन्धित वस्तु लगाउनु पर्छ (७) वासना चल्ने बनाउनु पर्छ (८) होर्राको व्यवहार गर्नु पर्ने हुन्छ (९) अमलाको व्यवहार गर्नु पर्ने हुन्छ (१०) रंगाउनु पर्छ (११) बाँध्नुपर्छ (१२) काईयोले कोर्नुपर्छ (१३) बारम्बार नापितलाई बोलाउनुपर्छ (१४) लट्टा परेको गट्टालाई फुस्काउनु छुट्याउनुपर्छ (१६) जुम्रा पर्छ र (१६) जब केश झर्न थाल्छ त्यति बेला मानिसहरू फिक्री गर्छन् दु:खी हुन्छन् खेद (अफशोच) प्रगट गर्छन्, छाती पिटी पिटी रुन्छन् र मुर्च्छा पर्छन् । बालक ! यी सोह्र किसिमका बाधाहरूमा अल्झिएका मानिसहरूले अति सूक्ष्म (सामा तर धेरै महत्वपूर्ण) कुराहरू बिर्सिन्छन् । *क्रमश:*

Downloaded from http://www.dhamma.digital

त्रीरत्न शरण

■ शिशिल चित्रकार, *मैतिदेवी*

भगवान् गौतम बुद्धले आफ्नो दर्शन विभिन्न व्यक्ति, ठाउँमा जन रुची र आवश्यकता अनुरुप प्रवचन र देशनाको रुपमा दिनु भयो। यस सिलसिलामा धर्मको महत्त्व, धर्म र पापको भेद, व्यक्तिको आफ्नो कर्म र सोही अनुसार आफुले भोग्नु पर्ने फल बताउन भयो र मानवहरूलाई आफ्नो कर्म सहि बनाउन सचेत गराउनु भयो। यसै गरी जन साधारणहरूलाई त्रीरत्न (तीन वटा रत्न) को महत्त्व बुझाउन भयो । यही बमोजिम सर्वसाधारण जनता त्रीरत्नको शरणमा गएमा आचरण राम्रो पारिए। देश समाजको सही कल्याण हुनेमा दुई मत हुँदैनन्। अब यी त्रीरत्न के के हुन भने बुद्ध, धर्म र संघनै हुन्। भगवान गौतम बुद्धले आफ्नो प्रवचन, देशनाहरूमा कहिले पनि आफ्नो धर्मलाई बुद्ध धर्म भनी भन्नु भएन । त्यसैले हामीले यहाँ भेद बुझ्न परेको छ आखिरमा त्रीरत्नको शरण जानु भनेको बुद्ध धर्मको शरण जानु भनेको बुद्ध धर्मको शरण जान होइन बरु (१) बुद्ध (२) धर्म र (३) संघ भिन्दा भिन्दै तीन वटा रत्नको शरण जानु हो। बुद्धको शिक्षा पालन गर्न प्रतिबद्धता हुनु हो।

त्रीरत्न शरणमा गरीने पाठ - बुद्धम् शरण गच्छामी, धम्मम् शरणम् गच्छामी, संघम् शरणम् गच्छामी हुन्– अर्थ बुद्धको शरणमा जान्छु, धर्मको शरणमा जान्छु संघको शरणमा जान्छु । अब यहाँ माथि उल्लेख गरिएको त्रीरत्न शरण, बुद्ध, धर्म र संघको शरण भननाले कुनै गौतम बुद्ध, कुनै बुद्ध धर्म र कुनै भिक्षु व्यक्ति विशेषको शरणमा जान भनेको नभई बुद्ध, धर्म र संघमा भएको गुण केही अंश हामीमा पनि होस्। अब यी बुद्ध, धर्म र संघको गुण के के हुन् त ?

बुद्ध गुण

(१) **सो भगवा इतिपि अरहं** : उहाँ भगवान् यी यो कारणले संसार चक्रको आडलाई भांच्नु भएको, राग द्वेषादि सबै शत्रुलाई दमन गर्नु भएको, कहिल्यै गुप्त पाप नगर्ने भएकोले "अरहं" गुणले संयुक्त हुनु भएको हो ।

(२) **सो भगवा इतिपि सम्मासम्बुद्धो** : उहाँ भगवान यो यो कारणले सम्पूर्ण धर्मलाई विशेष रुपले स्वयं साक्षात्कार गर्नु भएकोले सम्मासम्बुद्ध गुणले संयुक्त हुनु भएको हो।

(३) **सो भगवा इतिपि विज्जाचरणसम्पन्नो** : उहाँ भगवान यो यो कारणले तीनज विद्या, आठ विद्या र चरण पन्ध्र सम्पूर्ण हुनु भएकोले विज्जाचरण गुणले संयुक्त हुनु भएको हो। कुरा अनुसार आचरण राम्रो भएको।

(४) **सो भगवा इतिपि सुगतो** : उहाँ भगवान् यो यो कारणले मृत्युबाट अलग रहेको निर्वाण नगरमा राम्रोसंग जान भएको हुनाले "सुगत" गुणले संयुक्त हुनु भएको हो।

(५) **सो भगवा इतिपि लोकविदू** : उहाँ भगवान् यो यो कारणले सत्वलोक, सङ्खारलोक र ओकासलोक नामक तीन लोकलाई देख्नु (जान्नु) भएकोले "लोकविदू" गणले संयुक्त हुनु भएको हो।

(६) **सो भगवा इतिपि अनुत्तरो पुरिसदम्मसारथि** : उहाँ भगवान यो यो कारणले देव, मनुष्य, तिर्यक र वेनेय्य प्राणीहरूलाई असभ्यहरूलाई सभ्य हुने गरी दमन गर्नु भएकोले अनुत्तर पुरिसदम्मसारथि गुणले संयुक्त हुनु भएको हो।

(७) **सो भगवा इतिपि सत्था देवमनुस्सानं** : उहाँ भगवान् यो यो कारणले ब्रह्मा, देव र मनुष्यहरूको गुरु हुनु भएकोले सत्था देवमनुस्सानं गुणले संयुक्त हुनु भएको हो।

(८) **सो भगवा इतिपि बुद्धो** : उहाँ भगवान यो यो कारणले चार आर्य - सत्यलाई भिन्न भिन्न गरी साक्षात्कार गर्नु भएकोले बुद्ध गुणले संयुक्त हुनु भएको हो।

(९) **सो भगवा इतिपि** : उहाँ भगवान् यो यो कारणले भाग्य रुपी ६ प्रकारका अनन्त गुणले संयुक्त हुनु भएकोले भगवा गुणले संयुक्त हुन भएको हो। यसरी नवगण सम्पूर्ण हुनु भएकोले उहां भगवान् बुद्धलाई मैले आदर पूर्वक नमस्कार गर्दछु।

धर्म गुण

(१) **स्वाक्खातो भगवतो धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको धर्म, आदि मध्य अन्तसम्म कल्याण हुने गरी देशना गर्नु भएकाले स्वाक्खात गुणले संयुक्त भएको हो।

(२) **सन्दिट्ठिको भगवता धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको नव लोकुत्तरधर्म, यहाँको यहीं नै फल दिने स्वयं साक्षात्कार गर्न सकिने भएकाले सन्दिट्ठिक गुणले संयुक्त भएको हो।

(३) **अकालिको भगवता धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको चार उत्तममार्ग, समय नबित्दै फल दिने भएकाले अकालिक भएकाले गुणले संयुक्त भएको हो।

(४) **एहिपस्सिको भगवता धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको नव लोकुत्तरधर्म आउ र हेर भनी बोलाएर देखाउन योग्य भएकाले एहिपस्सिक गुणले संयुक्त भएको हो।

(५) **ओपनेय्यिको भगवता धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको नवलोकुत्तर धर्म आर्यवणहरूलाई निर्वाणमा पुऱ्याइदिने भएकाले ओपनेय्यिक गुणले संयुक्त भएको हो।

(६) **पच्चत्तं वेदितब्बो विञ्ञूहि भगवता धम्मो** : भगवान बुद्धले देशना गर्नु भएको नव लोकुत्तरधर्म विद्वानहरूले स्वयं अनुभव गरी जान्न र थाहा पाउन योग्य छ; त्यस कारणले पच्चत्तं वेदितब्बो विञ्ञूहि गुणले संयुक्त भएको हो । यसरी ६ गुणले सम्पूर्ण भएका ती धर्मलाई आदर पूर्वक मैले नमस्कार गर्दछु।

क्रमशः

(बुद्ध, धर्म र संघ गुणको लागि साभार त्रिरत्न-वन्दना, सम्पादक तथा अनुवादक भिक्षु ज्ञानपूर्णिक "धम्मचरिय")

२०६४ श्रावण ५ गते, शनिवार

विषय– "चार सेवा बस्तुको धर्म"

प्रस्तुती– सुभद्रा स्थापित

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले "चार सेवा बस्तुको धर्म" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– "सबै प्राणीहरू जन्मेपछि केही न केही चाहना लिएर जीविका चलाइरहेका हुन्छन् । अरुको चाहना पूर्ति गरिदिने व्यक्तिलाई सबैले आदरगौरव गर्ने भएकोले त्यस्तो व्यक्ति महान बन्दछ । मानिस महान बन्नको लागि उसमा नभई नहुने गुणहरू यसरी रहेका छन् ।

दान– आफ्नो भित्री हृदयदेखि त्यागको भावना जगाई अरुको हीतोपकारको लागि केही दान दिने कार्यलाई दान भनिन्छ । दान दिनेबेलामा दान दिने व्यक्ति र दान लिने व्यक्तिको मन स्वच्छ रहेमात्र त्यसको प्रतिफल राम्रो प्राप्त हुनेछ । दान दिने बेलामा दान लिने व्यक्ति गुण धर्मले परिपूर्ण व्यक्ति भइदिएको खण्डमा त्यस दानलाई उत्तम दान मानिन्छ । गरीव असहायहरूलाई करुणा चित्त उत्पन्न गरी दिइने दानलाई अनुकम्पा दान भनिन्छ । आफ्नो मात्र हितसुख कामना गर्दै स्वर्गिय सुखको चाहना राखी दिइने दानलाई त्यति उच्च तहको दान मानिन्दैन ।

प्रिय वचन– मीठो बोली बचनलाई सबैले मनपराउँदछ । एउटा कुकुरलाई समेत नरम एवं प्रिय वचन मन पर्दछ । त्यसैले भगवान बुद्धले मंगलसूत्रमा प्रिय बचन बोल्ने कार्यलाई मंगल कार्यको रुपमा बताउनु भएको छ ।

अर्थचर्या– कसैले अरुको हीतसुखको निमित्त गर्न लागेको कार्यमा सहयोग मागेको छ भने त्यस कार्यमा आफूले पनि सहयोग पुऱ्याइन्छ भने त्यसलाई अर्थ चर्या भनिन्छ ।

समानात्मक भावना– सबैलाई समान रुपले व्यवहार गरिन्छ त्यसलाई समानात्मक भावना भनिन्छ ।

भिक्षुणी धम्मवतीको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ एवं अन्य विविध कार्यक्रमहरू सम्पन्न

२०६४ श्रावण ८-१५

स्थान– धर्मकीर्ति विहार, श्रीघः नःघः

भिक्षुणी धम्मवतीको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा २०६४ श्रावण ८ देखि १५ सम्म भिक्षु महासंघको तर्फबाट अभिधर्म पाठ धर्मदेशना लगायत महायानी लामा गुरुहरूबाट र बज्रयानी गुरुजु एवं बज्राचार्य गुरुमांहरूको तर्फबाट पनि अपरमिता पाठ लगायत धर्मदेशना पनि गरिएको थियो । यस ८ दिन भित्र संचालित विविध कार्यक्रमहरूको विवरण यसरी रहेको छ ।

(१) साप्ताहिक अभिधर्म पाठ विवरण (२०६४/०४/८-१४)

मिति	अभिधर्मपाठ	धर्मदेशना	जलपानदाता	भोजनदाता
१) २०६४ श्रावण ८	धम्म संगाणि	भिक्षु अश्वघोष	कमला गुरुमां	ललीता कालिमाटी
२) २०६४ श्रावण ९	विभंग	वर्मी भिक्षु सयादो विजोत	चमेली गुरुमां	चम्पा तौड
३) २०६४ श्रावण १०	कथावत्थु	भिक्षु सरणंकर	मोहन पुचः	माणिक लक्ष्मी न्यत
४) २०६४ श्रावण ११	पुग्गल पञ्ञति	भिक्षु बोधिज्ञान	ध.की. मिजंपुचः	शोभा चितापाइला
५) २०६४ श्रावण १२	धातुकथा	भिक्षु भद्दिय	हीराकाजी, यलं	ध.की. मेलां पुचः
६) २०६४ श्रावण १३	यमक	भिक्षु कोलित	छोरी पुचः	लक्ष्मी नानी न्यत पुचः
७) २०६४ श्रावण १४	पट्ठान	भिक्षु कोण्डञ्ञ	करुणदेवी पुचः	पूर्णहीरा पुचः

(२) महायानी गुरुहरूबाट पाठ

२०६४ श्रावण १४ दिउँसो ।

यसदिन धम्मवती गुरुमांको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा श्रीघः विहार परिसर भित्रको महायानी गुम्बामा रहनुहुने घुप्चो रिम्पोछे सहित अन्य ७ जना महायानी गुरुहरूबाट धम्मवती गुरुमांको सुस्वास्थ्य कामना गरी पाठ गर्नुभएको थियो । यसरी नै स्वयम्भू किण्डोलस्थित महायानी गुम्बाका कालसाङ्ग लामा लगायत अन्य ४ जना महायानी गुरुहरू र आनीहरूबाट पनि पाठ गर्नुभएको थियो भने कालसाङ्ग लामाज्यूबाट प्रवचन पनि भएको थियो ।

यसदिन अष्टमाया पुचःबाट जलपान दान गरिएको थियो ।

(३) बज्रयानी गुरुहरू लगायत बज्रयानी गुरुमांजुहरूबाट पाठ

२०६४ श्रावण १५ गते, विहान

यसदिन धम्मवती गुरुमांको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा बज्रयानी गुरु बद्रीरत्न बज्राचार्य लगायत अन्य ५ जना गुरुजुहरू र बज्रयानी गुरुमांजुहरू ५ जनाले धम्मवतीको सुस्वास्थ्य कामना गरी बज्रयानी पाठ गर्नुभई धर्मदेशना गर्नुभएका थिए । यसदिन धर्मकीर्ति द्वितीया पुचःको तर्फबाट कार्यक्रममा उपस्थित हुनुभएका भन्ते गुरुमांहरू लगायत बज्रयानी गुरुजु गुरुमांहरूलाई भोजनको व्यवस्था मिलाईएको थियो भने पद्मावती गुरुमांको तर्फबाट जलपानको व्यवस्था मिलाइएको थियो ।

(४) धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत

२०६४ श्रावण ८ देखि १५ गते (८ दिनसम्म) धर्मकीर्ति ज्ञानमाला भजन समूहले पूज्य धम्मवती गुरुमांको

Downloaded from http://www.dhamma.digital

७३ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य कामना गरी निरन्तर रुपले विहान ५:३० देखि ७:३० बजे सम्म ज्ञानमाला भजन प्रस्तुत गरी धर्मप्रचार कार्यमा सहयोग पुऱ्याइएको थियो ।

(५) धर्मकीर्ति प्रकाशित पुस्तक वितरण कार्यका समूह प्रमुखहरूलाई उपहार वितरण

२०६४ श्रावण १४ गते । धर्मकीर्ति विहारबाट प्रकाशित पुस्तकहरू वितरण कार्यक्रमका टोली प्रमुखहरूलाई धम्मवती गुरुमांको ७३ औं वर्षिय जन्मोत्सवको उपलक्ष्यमा धम्मवती गुरुमांले उपहार वितरण गर्नुभएको थियो । धर्मकीर्ति विहारबाट प्रकाशन गरिएका बुद्ध शिक्षामा आधारित ज्ञानवर्द्धक पुस्तकहरूलाई विभिन्न स्थानमा रहेका पाठकवर्गहरू समक्ष पुऱ्याई धर्मप्रचार कार्यमा सहयोग पुऱ्याउनु भएवापत टोली प्रमुखहरूलाई धम्मवती गुरुमांले वर्षेनि यसरी उपहार वितरण गर्दै आउनु भएको कार्य प्रशंसनिया रहेको छ ।

(६) दानप्रदान कार्यक्रम

यस ८ दिने विविध कार्यक्रमहरूमा उपस्थित हुनुभई गुरुमांको सुस्वास्थ्य एवं दिर्घायु कामना गर्नुभई पाठ गर्नुहुने सम्पूर्ण भन्ते गुरुमांहरू लगायत महायानी गुरु, आनीहरू, बज्रयानी गुरुजुहरू र वज्रयानी गुरुमांजुहरूलाई धम्मवती गुरुमांले विशेष रुपमा दान प्रदान गर्नुभएको थियो भने धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासक उपासिकाहरूबाट पनि दान प्रदान गर्नु भएका थिए । यसको साथै श्रीघः विहार परिसर भित्रको महायानी गुम्बामा रहनुहुने घुप्चो रिम्पोछेबाट पनि धर्मकीर्ति विहार निवासी धम्मवती गुरुमां लगायत अन्य गुरुमांहरूलाई पनि दान गर्नुभएको थियो ।

फोटो- अरुणसिद्धी तुलाधर

गुरुपूजामा सहभागी अध्ययन गोष्ठी परिवार

२०६४ श्रावण १४ गते, धर्मकीर्ति विहार

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गुरु पूर्णिमाको उपलक्ष्यमा वर्षेनी गुरुपूजा कार्यक्रमको आयोजना गर्दै अनुकरणीय कार्य गर्दै आइरहेको कुरा सर्वविदितै छ । यही कार्यक्रमको सिलसिलामा यसपालीको गुरुपूर्णिमाको दिनमा मीना तुलाधरको संयोजकत्वमा गुरुपूजा कार्यक्रम सम्पन्न गरिएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भई शुरु गरिएको उक्त कार्यक्रम अरुण सिद्धी तुलाधरले सञ्चालन गर्नुभएको थियो । यस कार्यक्रममा चन्दा वज्राचार्यबाट गुरु पुन्हीया महत्त्व विषयमा लेख प्रस्तुत गर्नुभई स्वागत भाषण गर्नुभएको थियो ।

सो पश्चात् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूले पालै-पालो गरी भिक्षु अश्वघोष, भिक्षुणी धम्मवती लगायत धर्मकीर्ति विहारका अन्य गुरुमांहरूलाई दान प्रदान गरी धर्म पूजा गर्नुभएका थिए ।

गुरुपूजामा कार्यक्रम संचालन गर्नुहुँदै अरुणसिद्धि तुलाधर

गुरुपूजाको सिलसिलामा धर्मदेशना गर्नुहुँदै धम्मवती गुरुमां

कार्यक्रममा धर्मदेशना गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो–

यस संसारमा एकले अर्कोलाई उपकार कार्य गर्ने व्यक्ति र आफूलाई अरुले गरेको उपकारलाई सम्झने व्यक्ति गरी यी दुई प्रकारका व्यक्तिहरू दुर्लभ छन् । बुद्ध शिक्षानुसार आफ्नो मनोबल शक्ति बढाउन, मनलाई परिशुद्ध पार्नको लागी हामीले अरुको अवगुण बिर्सने र सानो नै भएपनि गुण सम्झने बानी बसाल्नु पर्दछ । अवगुण बिर्सी गुण सम्झने बानी बसाल्न सके हामीले मानसिक शान्ति पाउन सक्नेछौं । यसको लागी हामीले सर्वप्रथम अरुप्रति मैत्री भाव राख्ने कार्य गर्नुपर्दछ । यदि हाम्रो मैत्रीको वसमा नआउने कडा खालको अशिक्षित व्यक्ति ठहरिएमा त्यस्तो व्यक्तिप्रति हामीले उपेक्षा (तटस्थ) भाव राख्ने गर्नुपर्दछ । मानिस र एउटा रुखको व्यवहारमा धेरै फरक पाइन्छ । रुखले फलफुल दिइरहन्छ, शीतल छाँया दिइरहन्छ, आगो बाल्नका लागि काठ, फर्निचरका लागि काठ, दिइरहन्छ, त्यति मात्र होइन यसकाठ बाली आउने खरानीले समेत भाँडा सफा पार्न मद्दत पुऱ्याइरहन्छ । तर यतिका उपकारी कार्य गरे बापत त्यस रुखले हामीसंग केही लिने आशा राख्दैन । निश्वार्थ भावले यसले अरुलाई लिने होइन दिने मात्र कार्य गरिरहेको छ । तर हामीले कसैलाई कुनै उपकारी कार्य गर्न खोज्ने वित्तिकै त्यसको बदला आफूलाई कुनै फाइदा प्राप्त हुने हो कि होइन भनी स्वार्थी भाव उत्पन्न गर्न पुग्छौं । त्यसैले हामीले आफ्नो मनमा आएको लोभ चेतनालाई हटाउन नसकी मानसिक रोगी बनीरहेको विषयमा होश पुऱ्याउन सकिरहेका छैनौं । जे होस् यस गुरुपूजा कार्यक्रमले आफूलाई सानो नै भएपनि उपकार गरिरहेका गुरुहरूको गुणानुस्मरण गर्ने कार्य गरिरहेको हुनाले यस कार्यलाई दुर्लभ व्यक्तिहरूको कार्य भन्न सकिन्छ । त्यसैले यस कार्य अनुकरणीय कार्य हो ।

यसरी नै गुरुपूर्णिमा एवं गुरु पूजाको कार्यक्रमको महत्त्व बताउनु हुँदै धम्मवती गुरुमांले भन्नुभयो । आजभोली गुण सम्झने व्यक्तिहरू दुर्लभ बन्दै गइरहेको अवस्थामा आफूलाई सही बाटो देखाउने गुरुहरूको गुण स्मरण गरी गुरुपूजा कार्यक्रम संचालन गर्ने ध.की.बौ.अ. गोष्ठीका परिवारलाई साधुवाद दिन उपयुक्त ठान्दछु । किनभने आजभोली आफूलाई जन्म दिने आमा बुबाको गुण समेत विर्सेर नरपशु बनी स्वार्थी प्रवृत्तिमा लाग्ने व्यक्तिहरूको जगजगी भइरहेको जमानामा गुरुहरूको गुण सम्झी पूजा गर्ने व्यक्तिहरूलाई आदर्श गुण भएका व्यक्ति भन्न मिल्दछ । म्यानमार एक बौद्ध देश भएको कारणले त्यहाँ आज सम्म पनि बुद्धको नैतिक शिक्षालाई व्यवहारमा प्रयोग भइरहेको पाउँछौं । त्यसैले त्यहाँ कुनै पनि साइनवोर्ड राख्दा सर्वप्रथम त्यस साइन बोर्डमा यसरी शिक्षा कोरिएको पाइन्छ–

बुद्ध गुणो अनन्तो - (बुद्धको गुण अनन्त छन्)
धम्म गुणो अनन्तो - (धर्मको गुण अनन्त छन्)
संघ गुणो अनन्तो - (संघको गुण अनन्त छन्)
मातापितु गुणो अनन्तो –
(आमा बुबाको गुण अनन्त छन्)
आचरियो गुणो अनन्तो –
(गुरुहरूको गुण अनन्त छन्)
इमं पञ्च गुणं अहं वन्दामी सब्बदा
(मैले यी पाँच व्यक्तिहरूको गुणलाई सँधै नमस्कार गर्दछु)

तर यी अमूल्य वचनहरूलाई हाम्रो नेपालका जनताहरूले त्यति महत्त्व दिन सकिरहेका छैनन् । त्यसैले यहाँका आमाबुवाहरू आफ्नै छोराछोरीहरूको तर्फबाट पीडित भैरहेका देखिन्छन् । त्यसैले आमाबुबाले सर्वप्रथम यी अमूल्य शिक्षा सिकी पहिला उनीहरू शिक्षित बन्न परेको छ । आमा बुबा शिक्षित भएपछि उनीहरूले आफ्ना सन्तानलाई शिक्षित पार्न सक्नेछन् । बुद्धको नैतिक

Downloaded from http://www.dhamma.digital

शिक्षाले शिक्षित बनेका छोराछोरीहरूले आफ्ना आमा बुबाहरूलाई पिडा पुग्ने बोली वचन र कार्य कदापि गर्दैनन् । उनीहरू स्वभावैले सहयोगी र विवेकशील र शिक्षित बनिसकेका हुन्छन् ।"

यस कार्यक्रमका संयोजिका मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभई पुण्यानुमोदन पश्चात् कार्यक्रम समापन गरिएको थियो ।

पट्ठान पाठ सम्पन्न

२०६४ श्रावण १७-१९

थाय्- निर्वाण मूर्ति किण्डोल विहार

निर्वाण मूर्ति किण्डोल विहारले नेपाल अधिराज्यमा सुख शान्ति र अमन चयनको कामना गर्दै, भिक्षुणी धम्मवतीको अध्यक्षतामा भिक्षुणी गुरुमांहरूको तर्फबाट तीन दिन पट्ठान पाठ कार्यक्रमको आयोजना गरिएको थियो ।

निर्वाण मूर्ति किण्डोल विहारमा रहनुहुने डा. मोलिनी गुरुमां, एवं भिक्षुणी धम्मविजया गुरुमांको सक्रियतामा संचालित उक्त तीन दिने कार्यक्रममा २४ जना गुरुमांहरूको तर्फबाट पट्ठान पाठ गरिएको थियो ।

उक्त तीन दिन सम्म प्रत्येक दिउँसो ३ बजे भिक्षुणी धम्मवतीबाट प्रवचन भएको थियो ।

यसको साथै ३ दिन सम्म नै धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट भजन पनि प्रस्तुत गरिएको थियो ।

यस कार्यक्रमको सिलसिलामा मोलिनी गुरुमां लगायत धम्मविजया गुरुमांबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. २५००।- उपहार स्वरूप प्रदान गरिएको कुरा थाहा हुन आएको छ ।

स्वास्थ्य शिविर

धर्मकीर्ति विहारका अध्यक्ष श्रद्धेय धम्मवती धम्मचारिय गुरुमांको ७३ औं जन्मदिनको सुखद् उपलक्ष्यमा धर्मकीर्ति स्वास्थ्य कमिटीले श्रावण ५ गते, शनिवार एकदिने महिला स्वास्थ्य शिविर सम्पन्न गरेको छ । प्रतिस्थित NAHUDA तथा WATS संगको संयुक्त आयोजनामा सञ्चालित उक्त शिविरमा ४० महिलाको सहभागिता रहेको थियो । विशेष गरी पाठेघरको रोग तथा स्तन क्यान्सर सम्बन्धी सचेतना प्रदान गर्दै समान्य परिक्षण विधि पनि सिकाइएको उक्त शिविरमा प्रत्येक सहभागीको रक्तचाप र पिसावको परिक्षण गरिएको थियो ।

२०६४ ज्येष्ठ १२-७

विषय- मिलिन्द प्रश्न

प्रवचक- श्रद्धेय धम्मवती गुरुमां

प्रस्तुती- अमीर कुमारी शाक्य

थुखुनु श्रद्धेय धम्मवती गुरुमां नं मिलिन्द प्रश्न सम्बन्धि देवदत्तया प्रव्रज्या व भुखाय् ब्वइगुया विषय थुकथं कना विज्या:गु ख: ।

मिलिन्द जुजुं भगवान बुद्ध सर्वज्ञ ख:सा महाकारुणिक जुइफैमखु, महाकारुणिक ख:सा सर्वज्ञ जुइफैमखु धयागु संकायात निवारण याय्त नागसेन भन्ते याके देवदत्तया प्रव्रज्या बारे थुकथं प्रश्न न्यना बिज्यागु ख: "यदि बुद्धं न्हापा हे देवदत्त प्रव्रजित जूसां संघभेद याना: उगु कर्मया फलं कल्पभर तक्कं नरकय् च्वने मालिगु धका: स्यूसा बुद्ध महाकारुणिक मजुल । यदि बुद्धं थ्व खँ सिहे मसिया: देवदत्तयात प्रव्रजित या:गु ख:सा वसपोल सर्वज्ञ मखुत, मखुला ?"

थ्व प्रश्नया लिस: स्पष्ट याय्त भन्ते नागसेनं त:गूमछि हे उदाहरण बिया बिज्या:गु मध्ये थन छगू जक न्ह्यथना च्वना ।

नागसेन भन्ते नं धयाविज्या कथं, भगवान बुद्ध सर्वज्ञ नं ख: महाकारुणिक नं ख: । गथे सुं मनूयात कथं कया: कं लिकाय् मफया: दु:ख जुया च्वंगु इले वया सुं शुभचिन्तकं वयात याँउकेगु विचारं कंया छचालिं म्हुया:, हि बा: बा: वयूक चिन्ताचां वा गुन्छलिचां आया आया धासां क्वाटा क्वाटा याना: कँ लिकया बिल धा:सा वं छु अहित ज्या या:गु जुइला ? कँ लिमव:तले स्याना च्वनीगु व लिपा सेप्टिक जुया: अंग हे ध्यनेमाले योगु सिया: हे करुणा तया: कँ लिकया ब्यूगु ख: ।

अथे हे देवदत्त प्रव्रजित मजुसें गृहस्थ जूगु जूसा भन अप्पो पाप कर्म याना: कल्पभर तक्कं नं छगू नरकं मेगु नरकय् कुतुं वना आपालं दु:खभोग याइम्ह जुई धका सिया हे बुद्ध शासने प्रव्रजित जुल धा:सा देवदत्तया दु:ख छुं भतीचासां कम जुइगु नं सिया: हे करुणा तया: वसपोलं प्रव्रजित याना बिज्यागु ख: धका स्पष्ट याना बिज्यागु ख: ।

अथे हे भुखाय् ब्वइगुया विषय नं मिलिन्द जुजुं नागसेन भन्तेयाके थुकथं प्रश्न न्यना बिज्या:गु ख: । यदि त:सकं भुखाय् ब्वइगुया च्यागू जक हे कारण दुगु ख:सा वेस्सन्तर जुजुं महादान ब्यूवले पृथ्वी न्हेक: तक्क भुखाय् ब्वल धा:गु खँ असत्य जुल । यदि वेस्सन्तर जुजुं महादान ब्यूबले पृथ्वी न्हेक:तक्क भुखाय् ब्वल धा:गु खँ सत्य ख:सा त:सकं भुखाय् ब्वइगुया च्यागू जक हे कारण दुगु धयागु खँ असत्य जुल, मखुला ?

थ्व प्रश्नया लिस: स्पष्ट याय्त नागसेन भन्तेनं विशेष अवस्था व अद्वितीय धटनाया बारे बोध याना: वेस्सन्तर जुजुयागु महादान नं विशेष व अद्वितीय जूगुलिं न्हेक: तक्क भुखाय् ब्व:गु नं विशेष कारण ख: धका स्पष्ट यासे मिलिन्द जुजुया संका निवारण याना बिज्या:गु ख: ।

लुम्बिनी विकास कोषमा नव–नियुक्त उपाध्यक्षलाई स्वागत सम्मान

२०६४ श्रावण २ गते।

थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको आयोजनामा हालै नेपाल सरकारबाट लुम्बिनी विकास कोषको "उपाध्यक्ष" पदमा बौद्ध विद्वान एवं चर्चित सक्रिय व्यक्तित्व डा. केशव मान शाक्यज्यूलाई नियुक्ती गरेको खुशीयालीमा वहाँको कार्यकालमा लुम्बिनी विकासले अझै गति लिईयोस् भनी कामना सहित वहाँको सम्मान एवं स्वागत कार्यक्रमको शुभारम्भमा श्रद्धेय अखिल नेपाल भिक्षु महासंघका संघ उपनायक अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भएको थियो। बखत बहादुर चित्रकारज्यूको सभापतित्वमा संचालित उक्त कार्यक्रममा नव नियुक्त उपाध्यक्ष डा. केशवमान शाक्यज्यूको सम्मान खातिर बौद्ध कवि एवं गायक बिष्णु रत्न शाक्यले स्वागत गर्दै केही सुझाव समेत प्रस्तुत गर्नु भयो। स्वागत मन्तव्य पश्चात थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष बखत बहादुर चित्रकारले सश्रद्धाको प्रतीक सुगन्धित पुष्प गुच र खाडा (पवित्र) अर्पण गरी विधिवत् तवरले ससम्मान जाहेर गर्नु भयो।

तत्पश्चात लामागुरु कार्देनले सफलताको कामना गरी शुभाषिश प्रदान गरी पवित्र खाडा र कलात्मक बुद्धमूर्ति अंकित थान्का समेत प्रदान गर्नु भयो। तत्पश्चात यस परिषदका विभिन्न शाखाका प्रतिनिधिहरूले र परिषदका केन्द्रीय पदाधिकारी सदस्यहरूले पवित्र खाडा र पुष्प गुच्छा अर्पण गरी शुभ कामना आदान प्रदान गर्नु भएको थियो। शुभेच्छा मन्तव्य व्यक्त गर्ने क्रममा शाखा प्रतिनिधि, पिपली थेरवाद बुद्ध विहारका अध्यक्ष नारान बहादुर गुरुङ, लु.वि.कोषका भू.पू. सचिव गोविन्द चित्रकार, बौद्ध विद्वान साहित्यकार कुल धर्मरत्न तुलाधर, धर्मोदय सभाका प्रतिनिधि श्यामकृष्ण मानन्धर, धर्मचक्र विहारका प्रतिनिधि आशारत्न तण्डुकार त्यस्तै गरी आदीवासी जनजातिको तर्फबाट नोर्बु घले, बौद्ध विद्वान डा. सानुभाई डंगोलज्यूले पनि शुभ कामना मन्तव्य दिनु भयो। श्रद्धेय धम्मवति गुरुमांले पनि डा. शाक्यको कार्यकालमा धेरै राम्रो कार्य गर्न सकोस् भनी शुभकामना प्रकट गर्दै प्रवजित दीप निर्माण सम्बन्धी व्यथा सुनाउनु भयो। सबैबाट सहयोगको अपेक्षा गर्नु भयो। विशिष्ठ अतिथिको रुपमा पाल्नु भएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूले त्यस कोषमा रही कार्य गर्न कठीन भएकोले, विभिन्न कोणबाट 'मार' आउने अनुभूति सुनाई नव नियुक्त उपाध्यक्ष डा. केशवमान शाक्यलाई त्यस्तो विधिको मारको सामना गर्नु नपरोस् भनी **"भवतु सब्ब मङ्गलं"** गाथा उच्चारण गरि अग्रिम शुभेच्छा प्रदान गर्नु भयो।

थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका सल्लाहकार बौद्ध विद्वान लोक बहादुर शाक्यले नव-नियुक्त डा. शाक्यज्यू लगायत उपस्थित सवै प्रति सधन्यवादका साधुवाद व्यक्त गर्दै नव-नियुक्त उपाध्यक्षज्यूलाई केही महत्वपूर्ण सुझावहरू प्रस्तुत गर्नु भयो भने परिषदका अध्यक्ष एवं सभापति बखत बहादुर चित्रकारले आफ्नो मन्तव्य सहित सभा विसर्जन गर्नुभयो। उपस्थित सम्पूर्णलाई जलपानको व्यवस्था बौद्ध दाह संस्कार गुथिका सदस्य उपासक नन्द लाल र वहाँकी धर्मपत्नी उपासिका कृष्ण कुमारी, बागबजारको तर्फबाट गरेको थियो।

॥ भवतु सब्ब मङ्गलं ॥

बाल आनापान ध्यान शिविर सम्पन्न

थेच्वः ललितपुर। थेच्व स्थित वेलुवनाराम विहार मा २०६४ आषाढ २३ गते शनिवारका दिन एकदिवसीय बाल ध्यान शिविर सम्पन्न भयो। भिक्षु उत्तमको संयोजकत्व र नेपाल विपस्सना ज्योति भवन केन्द्रका बाल ध्यानाचार्य श्री विवेक डंगोलज्यूको आचार्यत्वमा सम्पन्न उक्त कार्यक्रममा स्थानीय ६४ जना बाल बालिकाको सहभागिता रहेको थियो। आगामी वर्षदेखि प्रत्येक दुई महिनामा यसरी नै लघु बाल ध्यान शिविर सञ्चालन गरिंदै लाने कुरा सम्बन्धित स्रोतबाट थाहा हुन आएको छ।

मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्म देशना

२०६४ श्रावण ६ गते आइतवार

स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल।

यसदिन मैत्री बोधिसत्त्व महाविहारमा पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो।

Downloaded from http://www.dhamma.digital

स्वयम्भू ज्ञानमाला भजन खल:को तर्फबाट ज्ञानमाला भजन प्रस्तुत भएको उक्त कार्यक्रममा उपस्थित हुनुभएका सबै सहभागी श्रद्धालुहरूलाई दाता अंगुरुमान, सूर्यलक्ष्मी तुलाधर सपरिवारको तर्फबाट जलपान गराउनु भई पूण्य संचय गर्नुभएको थियो ।

युवक बौद्ध मण्डलको ३७ औं वार्षिक साधारण सभा एवं २० औं केन्द्रिय कार्यकारिणी समितिको निर्वाचन सम्पन्न

२०६४ श्रावण १९ गते, शनीवार ।

स्थान- युवक बौद्ध मण्डल भवन ललितपुर ।

यसदिन युवक बौद्ध मण्डल नेपालको ३७ औं वार्षिक साधारण सभा एवं २० औं केन्द्रिय कार्यकारिणी समितिको निर्वाचन सम्पन्न भएको थियो । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा तथा माननिय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पृथ्वी सुब्बा गुरुङ्गको विशेष आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् संचालन गरिएको थियो ।

युवक बौद्ध मण्डलका उपाध्यक्ष श्री सुरेन्द्र शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा महासचिव राजेश शाक्यले प्रगति प्रतिवेदन र कोषाध्यक्ष हेमरत्न शाक्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

उक्त समारोहमा कानून न्याय तथा संसदिय व्यवस्था राज्य मन्त्री इन्द्रबहादुर गुरुङ्गले स्वयम्भूस्थित ऐतिहासिक प्रव्रजित दीप निर्माण कार्यमा कुनै किसिमको विघ्न बाधा र अड्चन ल्याउन नदिई सरकारी स्तरले नै पहल गर्ने बचन दिनुभएको थियो । भिक्षुणी धम्मवतीले पनि यस ऐतिहासिक प्रव्रजित दीपलाई उक्त स्थानमा सुरक्षित राख्नु पर्ने विषयमा जोड दिनुभएको थियो । यसरी नै यस विषयमा सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री पृथ्वी सुब्बा गुरुङ्ग, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशव मान शाक्य, युवक बौद्ध मण्डलका वरिष्ठ सल्लाहकार लोकदर्शन वज्राचार्य, धर्मोदय सभाका महासचिव सुचित्रमान शाक्य आदिले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

सानुराजा शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको अन्त्यमा उहाँले नै धन्यवाद ज्ञापन गर्नु भई पहिलो सत्रको कार्यक्रम समापन गरिएको थियो भने दिउँसो २० औं केन्द्रिय कार्यसमितिको लागि मतदान गरी दोश्रो सत्रको कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

बौद्ध महिला समिति र बौद्ध युवा संघको वार्षिकोत्सव

२०६४ आषाढ १६ गते, शनीवार ।

स्थान- तानसेन पाल्पा ।

बौद्ध महिला समितिको २३ औं एवं बौद्ध युवा संघको १९ औं वार्षिकोत्सव पाल्पामा सम्पन्न भएको समाचार छ । उक्त कार्यक्रम पञ्चशील प्रार्थना, बुद्ध पूजा, भिक्षु गुणघोषबाट धर्मदेशना भएको थियो भने बौद्ध युवाका अध्यक्ष बिजन कुमार वज्राचार्यले स्वागत भाषण गर्नु भएको थियो ।

सोही अवसरमा जिल्ला स्तरिय अन्तर बौद्ध संघ संस्था बिच आयोजित भिक्षु विमलानन्द स्मृती रनिङ्ग शील्ड हाजिरीजबाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय क्रमशः करुणा बौद्ध संघ होलङ्दी बुद्ध विहार बौद्ध महिला सेवा समिति आनन्द विहार, धर्मचक्र युवा संघ धर्मचक्र विहार लाई प्रमुख अतिथी भिक्षु गुणघोष महास्थविरले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

वार्षिकोत्सव समारोह कार्यक्रममा बौद्ध महिला समितिका सचिव सुमना शाक्यले स्वागत गर्नुभएको थियो भने समितिका कोषाध्यक्ष सौन्दर्यवती शाक्यले आर्थिक प्रतिवेदन र संघका उपाध्यक्ष वसन्त लाल वज्राचार्यले प्रगति प्रतिवेदन पेश गर्नुभएका थिए ।

उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनु भएका थिए- शिल बहादुर वज्राचार्य, शोभा शाक्य, राजेन्द्र मुनी शाक्य, चिनिया लाल वज्राचार्य, राजेन्द्र बहादुर वज्राचार्य आदि ।

बौद्ध महिला समितिका अध्यक्ष पूर्णमाया महर्जनको सभापतित्वमा संघका सचिव प्रविन राज शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा संघका अध्यक्ष विजन कुमार वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बौद्ध परम्परा अनुसार भीम रथारोहण सम्पन्न

२०६४ श्रावण १८, स्टार भेन्यू नारायण चौक, काठमाडौं ।

उपासिका कर्णकुमारी राजकर्णिकारको ८२ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा भिक्षु भिक्षुणी संघलाई आमन्त्रण गरी बुद्धपूजा परित्राण पाठ एवं धर्म देशना श्रवण गरी बौद्ध परम्परा अनुसार उहाँका सपरिवारले ८२ बर्षिय वयोवृद्धा कर्णकुमारी उपासिकाको भीम रथारोहण कार्य सम्पन्न गरिएको थियो ।

उक्त समारोहमा उपस्थित सबै भिक्षुभिक्षुणीहरूलाई

उपासिका कर्णकुमारी प्रमुख सपरिवारको तर्फबाट यथा श्रद्धा दान प्रदान गरिनुका साथै जलपान भोजनको पनि व्यवस्था गर्नुभई पूण्य संचय गरिएको थियो भने भिक्षु संघ एवं भिक्षुणी संघबाट उहाँको आयु आरोग्य एवं निरोगी कामना गरी परित्राण पाठ गरिएको थियो । उक्त कार्यक्रममा भिक्षु कोण्डञ्ञले धर्मदेशना गर्नुभएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत गरी कार्यक्रम अझ रोचक बनाइएको थियो । ज्ञानमाला भजन समूहलाई पनि जलपान भोजनको प्रवन्ध गरिएको उक्त कार्यक्रममा उपासिका कर्णकुमारीबाट ज्ञानमाला भजनलाई रु ४०००।- रकम उपहार स्वरूप प्रदान गरिएको थियो ।

२५९६ औं धर्मचक्र प्रवर्तन दिवस

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा २५९६ औं धर्मचक्र प्रवर्तन दिवस मनाइएको समाचार छ । गौतम बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीयहरूलाई धर्मोपदेश गरी धर्मचक्र प्रवर्तन गर्नु भएको संस्मरणमा मनाएको २५९६ औं धर्मचक्र प्रवर्तन दिवस कार्यक्रममा श्रद्धेय भिक्षु वर सम्बोधिले अष्टशील-पञ्चशील प्रार्थना गराइएको थियो । प्रमुख अतिथिका रुपमा पाल्नु भएका हालैमात्र नेपाल सरकारबाट लुम्बिनी विकासकोषको 'उपाध्यक्ष" पदमा नियुक्त हुनुभएका बौद्ध विद्वान श्रद्धेय डा. केशवमान शाक्यज्यूलाई पुष्प गुच्छा, खाडा र भगवान बुद्धको प्रतीक तस्वीर एवं समूहबाट प्रकाशित पुस्तक एक पोका समेत प्रदान गरी सन्मान गरी आतिथ्य सत्कार गराई उक्त समारोहमा स्वागत मन्तव्य समूहका कोषाध्यक्ष रामभक्त हाँयुजुले गर्नुभयो भने समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले नवनियुक्त "उपाध्यक्ष" प्रति सन्मान जाहेर गरी बौद्ध जगतमा असार पूर्णिमाको महत्व भएको बारे चर्चा गर्नु भयो । शुभ कामना मन्तव्य प्रकट गर्नु हुने महानुभावहरूमा बौद्ध विद्वान लोक बहादुर शाक्य, बखत बहादुर चित्रकार र बौद्ध कवि बिष्णु रत्न शाक्यले आ-आफ्नो शुभेच्छा मन्तव्य प्रकट गर्नु भयो भने बौद्ध विद्वान डा. सानुभाई डंगोलज्यूले पनि आर्य अष्टाङ्गिक मार्ग बारे चर्चा गर्नु भयो । प्रमुख अतिथिको आसनबाट डा. केशवमान शाक्यज्यूले लुम्बिनी विकास कोषको जिम्मेवारी सम्हाल्दै सबै क्षेत्रको विश्वास जित्दै इमान्दारीपूर्वक कार्य क्षेत्रमा लाग्ने प्रण गर्नु भयो । बौद्ध ल्यायम्ह पुचः नगदेशका अध्यक्ष शिव भक्त मेजुले नवनियुक्त उपाध्यक्ष डा. शाक्यलाई पवित्र खाडा ओढाई सन्मान गरी सधन्यवाद मन्तव्य दिनु भयो भने सभाको सभापतित्व नगदेश बौद्ध समूहका अध्यक्ष उपासक न्हुछे कुमार सिंकेमनले गर्नु भयो । सो सभामा नगदेश बुद्ध विहारमा बर्षावास काल अवधिभर अधिष्ठान गरेर बस्नु भएकी श्रद्धेय खेमावति गुरुमाँ पनि उपस्थित हुनुहुन्थ्यो र अन्तमा सामूहिक पूण्यानुमोदन गरी सभा विसर्जन गरीयो ।

"गुरु पुर्णिमा तथा २४ औं वार्षिकोत्सव कार्यक्रम"

साउन १४ गते, तानसेन

बौद्ध महिला आजिवन दायक समिति महाचैत्य विहार टक्सार टोल, तानसेनको २४ औं वार्षिकोत्सव समारोह एक कार्यक्रमका विच सम्पन्न भयो ।

धम्मानुशासक भिक्षु धम्मज्योती ज्यू उपस्थित रहेको उक्त कार्यक्रममा ८४ वर्ष पुग्नु भएकी धम्मदीन्ना गुरुमाँ ज्यूलाई समारोहका सभापति सुश्री सुमना शाक्यले सम्मान पत्र वाचनगरि विभिन्न उपहारका साथ सम्मान गर्ने कार्यक्रम सम्पन्न भयो । भजन तथा बुद्धपूजा पञ्चशिल प्रार्थना गरी आरंभ भएको उक्त समारोहमा धर्मोदय सभाका केन्द्रीय उपाध्यक्ष चीनिया लाल वज्राचार्य, तानसेन नगर पालिकाका कार्यकारिणी अधिकृत टिका राम ज्ञवाली, ज्ञानमाला सभा महाचैत्य विहारका अध्यक्ष चकोर मान शाकय, ज्ञानमाला संघ आनन्द विहारका अध्यक्ष राजेन्द्र मुनि शाकय तथा बौद्ध महिला समिति महाबोधि विहारका अध्यक्ष श्रीमती पूर्ण माया महर्जनबाट पूर्ण सफलताको लागी शुभकामना दिनु भएको थियो । कार्यक्रममा कोषाध्यक्ष सुश्री सौंदर्यवती शाक्यबाट वार्षिक आय-व्यय तथा प्रगतिप्रतिवेदन प्रस्तुत गरियो । त्यस्तै स्वागत मन्तव्य तथा सभा संचालन रश्मि शाक्य तथा सचिव श्रीलक्ष्मी वज्राचार्यबाट भएको थियो । सुश्री सुमना शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा महाचैत्य विहारद्वारा निर्मित स्व. भिक्षु शाक्यानन्द कक्ष निर्माणका लागि तानसेन नगर पालिकाबाट करिब दुईलाख पचास हजार सहयोग गरे वापत तानसेन नगरपालिकाका कार्यकारिणी अधिकृत टिका राम ज्ञवालीज्यू लाई बुद्धमुर्ति तथा खाडा ओढाई ज्ञानमाला सभाका अध्यक्ष चकोर मान शाक्यले सम्मान गरेको थियो ।

Downloaded from http://www.dhamma.digital

थेरवाद प्रव्रजित दीप बय्क्यगु ज्या हानं शुरु या बाकि अंश

प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर

असार पुन्ही वर्ष २५, अंक ४ स थुगु हे शिर्षकया समाचारय् दिप निर्माण ज्याया सिलसिलाय् लच्छियंकं पालंपा: भजन यानादीपिं ज्ञानमाला समूहया नां धल: प्रस्तुत याना: बाकी दुपिं ज्ञानमाला भजन समूहया नां व मिति या विवरण थुगु अंकय् थुकथं प्रस्तुत जूगु दु–

मिति	ज्ञानमाला भजन समूहया नां
२०६४।३।९	सुनागुठी विहार यल- सुथे
	बुबहाल यल- न्हिने
२०६४।३।१०	हिरण्य वर्ण महाविहार, नागवहाल, यल
२०६४।३।११	स्वयम्भू ज्ञानमाला भजन
२०६४।३।१२	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।१३	मैत्री भाव भजन खल: वैशरण महाविहार यल।
२०६४।३।१४	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।१५	श्रीघ: ज्ञानमाला भजन
२०६४।३।१६	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।१७	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।१८	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।१९	धर्मकीर्ति ज्ञानमाला भजन, सिद्धिपूर ज्ञानमाला भजन
२०६४।३।२०	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२१	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२२	स्वयम्भू ज्ञानमाला भजन
२०६४।३।२३	अन्नपूर्ण ज्ञानमाला भजन, नगदेश ज्ञानमाला भजन
२०६४।३।२४	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२५	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२६	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२७	धर्मकीर्ति ज्ञानमाला भजन
२०६४।३।२८	स्वयम्भू ज्ञानमाला भजन
२०६४।३।२९	टोखा बुद्धभूमी महाविहार
२०६४।३।३०	धर्मकीर्ति ज्ञानमाला भजन

थुगु हे ज्याझ्व:या सिलसिलाय् मिति २०६४।३।२३ खुन्हु धर्मकीर्ति ज्ञानमाला भजन समूह पाखें स्वनिग: दुनेया विहारे च्वनाबिज्या:पिं सकल भन्ते गुरुमांपिन्त जलपान भोजनया व्यवस्था या:गु ख:सा थुखुन्हु प्रव्रजित दीप निर्माण स्थलय् भाया: सहयोग यानादीपिं सकल उपासकोपासिकापिन्त जलपान भोजन नं याकूगु जूगुलिं थुगु ज्याझ्वलय् चन्दा तया: गुहाली यानादीपिं सकल श्रद्धालु उपासकोपासिकापिनिगु नां धल: व सहयोग विवरण थुकथं प्राप्त जूगु दु–

क्र.सं.	चन्दा दाताया नां व ठेगाना		सहयोग विवरण
१	प्रभावती स्थापित, जमल	रु.	३५००।-
२	दानकेशरी शाक्य, खिंल	रु.	३०००।-
३	जुजुभाई शाक्य क्वा:बहा	रु.	१५००।-
४	एकलाल राजकर्णिकार, सानुबहिनी, ताहाचल	रु.	२०००।-
५	सुवर्ण केशरी चित्रकार, दरवारमार्ग	रु.	२०००।-
६	श्याममान वज्राचार्य, कुपण्डोल	रु.	१५००।-
७	बुद्धरत्न कंसाकार, ज्याठा	रु.	१५००।-
८	मंगलादेवी तुलाधर, असन	रु.	१३००।-
९	शशीप्रभा तुलाधर	रु.	१५००।-
१०	नीलशोभा तुलाधर, पुलचोक	रु.	१०००।-
११	कमला वज्राचार्य	रु.	१०००।-
१२	शान्ताराम श्रेष्ठ	रु.	१०००।-
१३	गुह्य रत्न शाक्य, न:घ:	रु.	१०००।-
१४	दबल काजी तुलाधर	रु.	१०००।-
१५	न्हुच्छे तुलाधर, असन	रु.	७००।-
१६	सुरेश मान सिं	रु.	१०००।-
१७	क्यो मयजु महर्जन, ताहाचल	रु.	५००।-
१८	सरस्वती शाही	रु.	५००।-
१९	उर्मीला शाक्य	रु.	५००।-
२०	दुर्गादेवी मानन्धर	रु.	५००।-
२१	सुदर्शना मानन्धर	रु.	५००।-
२२	नारायण, चन्देश्वरी तुलाधर	रु.	५००।-
२३	धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन	रु.	१०,९९५।-
२४	सुलक्षण कीर्ति मिसा पुच:	रु.	१९००।-
२५	श्रद्धालु भक्तजन	रु.	१२००।-
	आम्दानी कूल जम्मा	रु.	५२,३९५।-
	खर्च जम्मा	रु.	४९,६०६।-

कवि दुर्गालालया विपस्सना मंगलसुत्र सफू भिक्षुणी धम्मवती पाखें विमोचित

२०६४ श्रावण १४ गते।

भी दुर्गालाल हने ज्याझ्व:या सिलसिलाय् कवि दुर्गालालं च्वयादीगु खुगू काव्य कृतित विमोचन जूगु समाचार दु। थुगु खुगू काव्य कृतित विभिन्न व्यक्तित्व पिसं पिसं थुकथं विमोचन यानादीगु बुखँ दु।

Downloaded from http://www.dhamma.digital

सफू	विमोचन यानादीपिं व्यक्तिपिनि नां
१) विपस्सना मंगल सूत्र	- भिक्षुणी धम्मवती
२) थ:त मामां हालेगु म्ये	- सत्यमोहन जोशी
३) "सातोआकी" खण्डकाव्य	- पद्मरत्न तुलाधर
४) 'हाइकु २१०"	- रामशेखर नक:मि
५) निम्ह त:क्यहें	- नारायणदेवी श्रेष्ठ
६) बीनिभालय् ह्व:गु ख्वीनिपव: स्वाँ	- ज्ञानकाजी मानन्धर

थुगुहे ज्याझ्वले कवि दुर्गालाल श्रेष्ठं च्वया: न्ह्यू वज्राचार्य संगीत तयादीगु व आनी छोइड डोल्मां हालादीगु नेवा: म्येया सिडी "मतकल:" गायक योगेश वैद्य व प्रेमध्वज प्रधानं बिमोचन यानादीगु ख: ।

सत्यमोहन जोशीजुया मू पाहाँसुई न्ह्या:गु थुगु ज्याझ्वले कवि दुर्गालालया सम्पूर्ण व्यक्तित्व कृतित्व दुथ्याका: आर मानन्धरं तया यानादीगु सीडी रोम "कवि कविता" पद्म रत्न तुलाधरं विमोचन यानादीगु ख: ।

धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

मिति	बुद्धपूजा	धर्मदेशना
२०६४ श्रावण १	चमेली गुरुमां	धम्मवती गुरुमां
२०६४ श्रावण ६	वीर्यवती गुरुमां	[illegible] गुरुमां
२०६४ श्रावण १४	चमेली गुरुमां	भिक्षु कोण्डञ्य
२०६४ श्रावण २१	कुसुम गुरुमां	कुसुम गुरुमां
२०६४ श्रावण २७	इन्द्रावती गुरुमां	इन्द्रावती गुरुमां

श्री सिद्धि मंगल बुद्ध विहार

९ *श्रावण,* उक्त विहार हरेक महिनामा भैरहेको बुद्धपूजा कार्यमा श्रद्धेय विमल कीर्ति समक्ष शील प्रार्थनाबाट सम्पन्न भयो । उक्त विहारको माथिल्लो तल्लामा स्थापित बुद्धमूर्तिमा श्री मोतिलाल र कृष्ण लक्ष्मी शिल्पकार परिवारद्वारा अलंकार बुट्टा भएको फ्रेम सिसा भएको प्रदान गर्नु भयो । भू.पू. ल.पु. मेयर भिखारत्न शाक्य, उपासिका नोनि महर्जन लक्ष्मी महर्जन, केशव शाक्य, तुल्सी माया महर्जनहरूले बोल्नु भएको थियो ।

ल.पु. धौबगा नानिको हरि महर्जन आफू र साथीहरूबाट विहारलाई रु. ४३२०।- चन्दा दिनु भयो । मंगलदास महर्जनले धन्यवाद ज्ञापन गर्नुभयो ।

आषाढ पूर्णिमा महोत्सव

१४ श्रावण आषाढ पूर्णिमा उपलक्ष्यमा भोजपुर टक्सार शाक्य समाजको आयोजनामा एक कार्यक्रम भएको समाचार छ । कृष्णमान शाक्यद्वारा उक्त पूर्णिमाको महत्वबारे तथा खडग रत्न शाक्यद्वारा बुद्धको ज्ञानलाई नै हामीले व्यवहारमा उतार्न पर्ने बारे प्रवचन दिनु भएको थियो । उत्तदिन सबैलाई भोजनदान गरिएको थियो ।



धर्मरत्न शाक्य "त्रिशूली" स्मृति ग्रन्थयात

● च्वसुया निम्तिं इनाप ●

बौद्ध विद्वान धर्मरत्न शाक्य 'त्रिशूली' जुया लुमन्तिइ दकिला न्ह्यव: धर्मरत्न शाक्य "त्रिशूली" स्मृति ग्रन्थ पिथनेगु ज्याझ्व: कथं थुगु ग्रन्थया निम्तिं वेक:या व्यक्तित्व योगदान, संस्मरण विषयस च्वसु च्वया योगदान याय् मदुपिं सद्भावीपिन्त पौ प्राप्त मजूनिसा थुगु सुचंयात हे पौ भापिया इलेहें (२०६४ भाद्र दुने) लेख उपलब्ध याना बिया दीत दुनुगलं इनाप याना ।

इनाप या:म्ह

अमिता धाख्वा

सम्पादन संयोजक

फोन: ९८०३१५८९५५

धर्मरत्न शाक्य 'त्रिशूली' स्मृतिग्रन्थ

प्रकाशन समिति

स्वापूया निम्तिं :

- महेन्द्ररत्न शाक्य ✆ ५५३१५८०
- शाक्य सुरेन ✆ ९८४१-३५४८६७
- सुशीला शाक्य ✆ ५५३०९२०

Downloaded from http://www.dhamma.digital

उपदेश न्यनेगु ध्यानमय पुण्य

यल, दिल्लाध्व-३।

यलया लायकुलि च्वंगु विश्व मैत्री विहारे पञ्चशील प्रार्थना याना: न्ह्याकूगु बुद्ध पूजा लिपा जूगु बौद्ध सभाय् भिक्षु पञ्ञारत्नं शील, पुण्य, धर्म व्यवहार दुपिं श्रेष्ठ मनू जुइगु देशना याना विज्यासे उपदेश न्यनेगुनं ध्यान मय पुण्य खः धका कनाबिज्यात ।

वंगु संल्हूया धर्म देशना लुमंका कनादीपिं ज्ञानमाया तथा बोधिरत्न पिंत भिक्षु पञ्ञारत्नं सिरपा लःल्हाना दीगु ज्याझ्वले प्रेमवहादुरं लसकुस व दिल शोभां शुभाय् देछाना दिल ।

गुक्वःगु बौद्ध शिक्षा व ज्ञानमाला भजन

दिं २०६४ असार ३० गते शनिवारया दिनस यल ज्ञानमाला समितिया ग्वसाले ज्ञानमाला भजन संघ, मयूर वर्ण महाविहार, भिन्छेबहालया व्यवस्थापने गुक्वःगु बौद्ध शिक्षा व ज्ञानमाला भजन न्ह्यब्वया ज्याःझ्वः क्वचागु समाचार दु ।

भिन्छेबहाल ज्ञानमाला भजन संघ पाखें लसकुस म्ये न्ह्यब्वया चक्रराज वज्राचार्य पाखें लसकुस न्वचु बिया बिज्याःगु उगु ज्याःझ्वस् महानजल पुष्करणीय बुद्ध विहार, थेच्व पाखें १ घण्टा ज्ञानमाला भजन म्ये हागु खः । प्रा. डा. श्री वज्रराज शाक्य पाखे "बोधिसत्व आदर्श" या ब्याख्या याना विज्यानालिं दान पारमिताया महत्व बारे कना बिज्यात ।

यल ज्ञानमाला समिति पाखें प्रकाशित जुया च्वंगु यल ज्ञानमाला सफू पाखें एकल गायन कथं ज्ञानमाला भजन संघ, भिन्छेबहालया दीपक बज्राचार्य पाखें याकः म्ये हालाः ज्याःझ्वः भः भः धायका बिज्यात । श्रद्धेय भिक्षु कोण्डन्य पाखें ज्ञानमाला भजनया शुरुवाट व ज्ञानमालाया महत्व बारे कना बिज्यागु जुल । ग्वसाखलःया उद्देश्य पुवंकेया निम्ति ज्ञानमाला समितिया छ्यान्जे भाजु इन्द्र मुनि शाक्य पाखें न्ह्याकूगु ऐच्छिक दान ज्याःझ्व पाखें १०,०९४।- (दश हजार चौरान्नब्वे) ध्येवा मुंकूगु जुल ।

सुलोचना वज्राचार्य व प्रमिला वज्राचार्यपिन्सं न्ह्याकूगु उगु ज्याःझ्वस् सहभागि ज्ञानमाला भजन न्ह्यब्वयुगु छ्सिकथं १) नगर मण्डप श्री कीर्ति विहार ज्ञानमाला भजन खलः किपु, २) त्रिरत्न भजन संघ, ओकुबहाल, यल ३) नगदेश बुद्ध विहार, ज्ञानमाला भजन खलः, नगदेश ठिमी पाखें भजन न्ह्यब्वया दिल ।

यल ज्ञानमाला समितिया उपाध्यक्ष शान्तमानन्द शाक्य पाखें सुभाय् न्वचु बिया बिज्यागु ज्याःझ्वस दाँभरी पद्म बहादुर शाक्य पाखें आय ब्यय विवरण (ल्या चाः) न्यंका बिज्यागु जुल ।

भजन संग्रह "सुभाषित" भिक्षु अश्वघोष पाखें विमोचित

२०६४ श्रावण ५ गत, शनीवार

स्थान- रशियन साँस्कृतिक केन्द्र, कमलपोखरी ।

गण महाविहारय् च्वना बिज्याःम्ह भिक्षु शोभित स्थविरया प्रव्रज्या दिवस २५ दं क्यंगु उपलक्ष्ये गायिका रमना श्रेष्ठया सलय् स्वरबद्ध जूगु ज्ञानमाला भजन संग्रह "सुभाषित" या सिडि व अडियो क्यासेट नेपालया उप संघनायक भिक्षु अश्वघोष महास्थविर पाखें विमोचन जूगु दु ।

गण महाविहार धर्म विजय पदनमया आयोजनाय् न्ह्याःगु उगु कार्यक्रमय् म्येचाले सःबिया दीम्ह गायिका रमना श्रेष्ठं उगु म्येचालय् दुथ्याःगु स्वपु म्ये न्यंकादीगु खः ।

ज्याझ्वलय् भिक्षु सोभितं म्येचाः पिथनागु विषयलय् थःगु मन्तव्य न्ह्यब्वया बिज्यातसा बौद्ध विद्वान राजभाई शाक्य, प्रा.सुवर्ण शाक्य, भिक्षुणी धम्मवती, भिक्षु कुमार काश्यप महास्थविर व मू पाहाँ भिक्षु अश्वघोष महास्थविर आदि वक्तापिसं थःथःगु नुगः खँ प्वंकादीगु खः ।

उगु ज्याझ्वले म्येचाःया लागि सः बियाः गुहाली यानादीम्ह गायिका रमना श्रेष्ठयात भिक्षु सोभितं हनापौ नं देछाना बिज्याःगु खः ।

महापरित्राण पाठ सम्पन्न

२०६४ श्रावण २४ विहिवार, गणमहाविहार यें ।

उपासक चन्द्रनारायण महर्जन प्रमुख सपरिवार पाखें वयकःया मांया जन्मदिंया उपलक्षे मां सहित सकल सत्त्व प्राणिपिनि सुस्वास्थ्य व शान्ति कामना यासे न्हिच्छि यंकं श्रद्धेय भिक्षु महासंघ पाखे पवित्र महापरित्राण पाठ ज्याझ्वः या आयोजना यागु समाचार दु ।

उगु ज्याझ्वले दान प्रदान, भन्ते गुरुमांपिं लगायत ज्याझ्वले सहभागी सकलें उपासक उपासिकापिन्त नं जलपान भोजनया व्यवस्था जूगु समाचार दु । अथेहे, भिक्षुसंघयात अष्ट परिष्कार दान नं सम्पन्न जूगु खः ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमोसुखो

जन्म-
२००० फागुण शुक्ल द्वादशी

स्वर्गारोहण-
२०६३ श्रावण शुक्ल सप्तमी

दिवंगत माणिकरत्न शाक्य

जिमि अतिकं हनेबहम्ह जहान/ अबुजु स्व. श्री माणिक रत्न शाक्य दिवंगत जुयादीगु दच्छि पूवंगु पूण्य तिथिस वय्कःया गुणानुस्मरण यासे थुगु शोकंजाःगु इलय् जिमिप्रति मैत्रिपूर्वक बिचाः हाय्का दीपिं सकल थःथिति व शुभचिन्तकपिं प्रति हार्दिक आभार प्रकट यानाच्वना ।

श्रीमती प्रेमशोभा शाक्य, सानेपा

कायपिं
सुदेश शाक्य
सुलभ शाक्य

म्ह्यायपिं
साहिरा शाक्य
साहिदा शाक्य (पन्त)

एवं
सकल शाक्य परिवार

मुद्रक: न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८९०, ४४३४७७३, फ्याक्स: [illegible]
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८९७८

Downloaded from http://www.dhamma.digital